अदालतले भर्नेः-

दर्ता नं.;-

दर्ता मिति;-

# श्री सुर्खेत जिल्ला अदालत, बाल ईजलासमा

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ बमोजिम दायर गरिएको

## अभियोग पत्र ।

२०८२/८३ सालको निर्णय नम्बरः-...

परिवर्तित नामथर "बिरेन्द्रनगर ५३ (B)'' को जाहेरीले नेपाल सरकार ........................१} वादी

बिरुद्ध;-

आ.व. ०८२/०८३ परिबर्तित नाम "बीरेन्द्रनगर प" ................................पक्राउ १

आ.व. ०८२/०८३ परिबर्तित नाम "बीरेन्द्रनगर ध" ................................पक्राउ १

आ.व. ०८२/०८३ परिबर्तित नाम "बीरेन्द्रनगर न" ............................... पक्राउ १

आ.व. ०८२/०८३ परिबर्तित नाम "बीरेन्द्रनगर फ" ................................पक्राउ १

} कानूनको विवादमा परेका बालक

मुद्दाः- जवर्जस्ती करणी गरी ज्यान मारेको (कर्तव्य ज्यान) ।

मुद्दाको संक्षिप्त तथ्यः-

१. जाहेरी दरखास्तको व्यहोराः-

म जाहेरवालाको छोरी वर्ष १६ की परिवर्तित नाम वीरेन्द्रनगर क५३ र कानूनको विवादमा परेका बालकहरु परिवर्तित नाम वीरेन्द्रनगर प, न, ध र फ उषा बालबाटिका विद्यालय सुर्खेतमा कक्षा ११ मा अध्ययन गर्ने गरेकाले निज कानूनको विवादमा परेका बालकहरु मेरो छोरीको साथी भएकाले निज कानूनको विवादमा परेका बालकहरु कहिले काँही मेरो घरमा आउने जाने गरेकोमा मिति २०८२/११/२३ गते विहान अं. ७:०० बजेको समयमा म जाहेरवालाको छोरी घरमा भएको अवस्थामा निज कानूनको विवादमा परेका बालकहरु मेरो घरमा आई मेरो नावालक छोरीलाई आज स्कुलमा प्रयोगात्मक परीक्षा भएकाले हामी तिमीलाई लिन आएका छौ भनी निज कानूनको विवादमा परेका बालकहरुले छोरीलाई साथमा लिई गएकाले छोरी स्कुलमा गएकी होलिन भनी छोरी घर आउने बाटो कुरी बसेकीमा मिति २०८२।११।२३ गते विहान अं. ९:३० बजेको समयमा जनजागरण सामुदायिक वन बीरेन्द्रनगर नगरपालिका वडा नं.४ सुर्खेतका चौकिदारले छोरीको मृत शव देखि सो बारेमा प्रहरीलाई खबर गरेपछि जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट खटि आएका प्रहरी कर्मचारी उक्त



जिल्ला न्यायाधिवक्ता

स्थानमा पुगेपछि गाउँलेहरु पनि सो स्थानमा गई हेर्दा त्याहाँ रहेको मृत शव म जाहेरवालाको छोरीको भएको थाहा जानकारी पाई सो वारेमा मलाई जानकारी गराएकोमा म समेतका आफन्त उक्त स्थानमा गई हेर्दा छोरीको मृत शवलाई माथिबाट कालो जेन्स जकेटले ढाकिएको, छोरीले लगाएका कपडा जिउबाट खोलिएको, छोरीले लगाएको जुत्ता तथा मोजा छोरीको मृत शव रहेको स्थान नजिक छरिएको, छोरीको छात्ति, ढाड, हात खुट्टा लगायतका शरीरका अंगमा निलडाम रहेको र छोरीको जीउभरी रगत लागेको अवस्थाको छोरीको शव रहेकोले निज कानूनको विवादमा परेका बालकहरुले नै मेरो नावालक छोरीलाई उक्त स्थानमा लिई जवर्जस्ती करणी गरी सो पश्चात छोरीको ज्यान लिएको एकिन भएकाले निज कानूनको विवादमा परेका बालकहरुलाई कारबाही गरीपाउँ भन्ने समेत व्यहोराको परिवर्तित संकेत "बिरेन्द्रनगर ५३(B)" को जाहेरी दरखास्त ।

२. <u>घटनास्थल/लाशजाँच मुचुल्का:-</u>

जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. ४ जनजागरण सामुदायिक वन स्थित पूर्वमा मित्र नगर खानेपानी टयाङ्की, पश्चिममा SOS बाल ग्रामको ठाडो खोल्सा, उत्तरमा जोगीडाँडा चिहान र दक्षिणमा मित्रनगर टोलतर्फको ठाडो खोल्सा यति चार किल्ला भित्र (GR २८-६०८६६८, ८१६०४७४१) भएको चिहान डाँडामा मिति २०८२।११।२३ गते बिहान अं.०९:३० बजेको समयमा परिवर्तित नाम बीरेन्द्रनगर क५३ भिरालो जमिनमा पूर्व सिरान पश्चिम गोडयान भई उत्तानो अवस्थामा मृत फेला परेको, सोही स्थान नजिकै रहेका कानूनको बिवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर प' लाई सोधपुछको क्रममा आफुहरु प्रेमी प्रेमिका भएको र करणी गर्ने क्रममा एक्कासी मृत्यु भएको भनी बताएकोले घटनास्थललाई सुरक्षा गरी शुक्ष्म रुपले नियाल्दा मृतक भएको स्थानदेखि केही उत्तरतर्फ करणी गर्न प्रयोग भएको जस्तो देखिने रगत जस्तो रातो पदार्थ लतपतिएको कण्डम थान १ रहेको, सोही स्थानको केही उत्तरतर्फ जमिन मडारिएको करणी सम्बन्धि संघर्ष भएको जस्तो देखिने रगत जस्तो रातो पदार्थ समेत भएको, नखोलेको ISO लेखेको कण्डम थान ३, खोलेको पत्ता थान १, Nike SB लेखेको लेडिज जुत्ता र सेतो मोजा जोडी १ समेत फेला परेको, प्राथमिक घटनास्थलको दक्षिण पूर्वतर्फ Vivo कम्पनिको मृतकले चलाउने भनिएको मोवाईल थान १ र पुरुषको (प को) पछाडी बोक्ने झोला भित्र केक, लेडिजको ब्रा थान १, रातो चुरा १ दर्जन, जेन्स टिसर्ट थान १, DRJ लेखेको अगाडी भागमा रगत जस्तो पदार्थ लागेको जेन्स ट्राउजर थान १ फेला परेको मृतकको सम्पुर्ण कपडा खोलि हेर्दा यौनीबाट करणी गरेको जस्तो देखिने (रगत जस्तो रातो पदार्थ निस्केको) पेन्टी समेत रगतले भिजेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. <u>राम बहादुर दमाईले गरेको घटना बिवरण कागज:-</u>

म बिगत ६ बर्षदेखि जिल्ला सुर्खेत बीरेन्द्रनगर नगरपालिका वडा नं.४ स्थित जनजागरण सामुदायिक बनको पालेको रुपमा बनको रेखदेख गर्ने काम गर्दै आएको छु । मिति २०८२।११।२३ गते बिहान अं.०९:३० बजेको समयमा म मेरो घरको बाहिर आगनमा बसिरहेको अवस्थामा जनजागरण सामुदायिक बनबाट एक जना १५/१६ बर्षको पुरुष व्यक्ति आइ एक जना साथी बेहोस अवस्थामा छन उद्दार गरिदिनु पऱ्यो भनेकाले मैले स्थानीय मानिसहरुलाई खवर गरी म समेतका मानिसहरु भद्रकला बि.क., पुरन सुनार समेत जनजागरण सामुदायिक बनमा गई हेर्दा परिवर्तित नाम बीरेन्द्रनगर क५३ लाई बेहोस अवस्थामा खुट्टामा कुनै चप्पल जुत्ता नलगाएको माथिल्लो शरीरमा केटाले लगाउने जस्तो कालो जकेट लगाएको मृत अवस्थामा रहेको, उक्त परिवर्तित नाम बीरेन्द्रनगर क५३ को अनुहारमा



जिल्ला न्यायाधिवक्ता

झिङ्गा बसेको, कानूनको बिवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर प' मृतकको नजिक बसेको, निजले लगाएको सटको अगाडीको भागमा रगत जस्तो रातो पदार्थ लागेको मृतक परिवर्तित नाम वीरेन्द्रनगर क५३ को शव उत्तानो अवस्थामा रहेको स्थानदेखी करिव ५ फिट माथि ४ जना १६/१७ वर्षका केटाहरु उभिरहेका देखी परिवर्तित नाम बीरेन्द्रनगर प सहित ३ जनालाई के कसरी परिवर्तित नाम बीरेन्द्रनगर क५३ को मृत्यु भएको भनी सोधपुछ गर्दा परिवर्तित नाम बीरेन्द्रनगर प ले मलाई आफु र परिवर्तित नाम बीरेन्द्रनगर क५३ घुम्न आएको अवस्थामा परिवर्तित नाम बीरेन्द्रनगर क५३ बेहोस भएको र मैले उद्दारको लागी आफ्नो ३ जना साथिहरुलाई बोलाएको भनी बताउदै गरेको अवस्थामा प्रहरी आई घटना सम्बन्धमा सोधपुछ गरी परिवर्तित नाम "बीरेन्द्रनगर प' लाई नियन्त्रणमा लिइ गएका थिए। निज कानूनको बिवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर प' ले जाहेरवालाकी छोरी बर्ष १६ की परिवर्तित नाम बीरेन्द्रनगर क५३ लाई जवर्जस्ती करणी गर्ने योजना बनाई जनजागरण सामुदायिक बनमा लिइ जवर्जस्ती करणी गरी के कुन हातहतियार वा कुनै चिज वस्तुले कर्तव्य गरी मारी घटनास्थलमा मृतकको चप्पल केही फिट टाढा रहेको, झोला समेत फेला परेको हुदाँ निज कानूनको बिवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर प" लाई कानून बमोजिम कारबाही गरीपाउँ भन्ने समेत व्यहोराको राम बहादुर दमाईले मिति २०८२।११।२४ गतेको गरेको घटना बिवरण कागज तथा मिति २०८२।११।२३ गते विहान ९:३० बजेको समयमा मेरो छिमेकी पुर्ण बहादुर वि.क. र हाल नामथर वतन खुलेका परिवर्तित नाम वीरेन्द्रनगर ध ले मलाई एक जना साथी जनजागरण सामुदायिक वनको जंगलमा बेहोस छन जानु पर्यो भनेकोले म, पुर्ण बहादुर वि.क. संगिता वि.क., भद्रकला वि.क. र परिवर्तित नाम वीरेन्द्रनगर ध घटनास्थल तर्फ जादै गर्दा मैले अस्थायी प्रहरी पोष्ट सहिद पार्कको प्रहरी कर्मचारीलाई फोन गरी जनजागरण सामुदायिक वनमा एक जना बेहोस अवस्थामा छन आईदिनुहोस भनी जानकारी गराई घटनास्थलमा जाँदा परिवर्तित नाम ६४ वीरेन्द्रनगर क५३ हल्का भिरालो जमिनमा उत्तानो अवस्थामा मुखमा हरिया झिगाहरु भन्किएका, हात खुट्टामा राता धर्साहरु देखिएको अवस्थामा शव रहेको, उक्त शवको नजिकै परिवर्तित नाम वीरेन्द्रनग प उभिई निजको शरीरमा रगत लागि रातो अवस्थामा रहेको निज के कहाँ फोन गरिरहेका थिए भने अन्य परिवर्तित नाम वीरेन्द्रनगर न र फ झोला रहेको स्थान नजिकै उभिरहेका थिए । मैले निज परिवर्तित नाम वीरेन्द्रनगर प सँग के कसरी घटना घटेको भनी सोधपुछ गर्दा निजले आफु र परिवर्तित नाम ६४ वीरेन्द्रनगर क५३ विहान मनिङ्ग वाकमा आएको बेलामा निज ६४ वीरेन्द्रनगर क५३ बेहोस भएकी हुन भनी बताएका थिए । सो पश्चात सहिद पार्क तथा जिल्ला प्रहरी कार्यालयबाट प्रहरी अधिकृत सहितको टोली आई घटनास्थललाई सुरक्षा दिईरहेको अवस्थामा वीरेन्द्रनगर प को दिदी र दाईले फोनमा घटनास्थल थाहा नभएको हामिलाई लिन आउ एम्बुलेन्स ल्याउने होकी भन्दा निजले ६४ वीरेन्द्रनगर क५३ को मृत्यू भईसकेको र एम्बुलेन्स नचाहिने घटनास्थलमा आउनुहोस भन्दा निजको दिदीले हामीहरुलाई बाटो थाहा छैन भनेपछि वीरेन्द्रनगर प ले वीरेन्द्रनगर ध लाई दिदी र दाईलाई लिन पठाए पश्चात निज गई साथमा दिदी र दाईलाई घटनास्थलमा ल्याई आएका थिए । निजहरु तथा मृतकको आमा लगाएतका आफन्तहरु आईसके पश्चात प्रहरीले लाशजाँच मुचुल्का गरी घटनास्थलमा रहेका सामानहरु बरामद गरी निज कानूनको विवादमा परेका बालक परिवर्तित नाम वीरेन्द्रनगर प लाई गाडीमा राखी लिई गएका थिए भन्ने समेत व्यहोराको राम बहादुर दमाईले पुनः मिति २०८२।११।२८ गते गरेको घटना बिवरण कागज ।

४. <u>ललिता बि.क.ले गरेको घटना बिवरण कागजः-</u>

मिति २०८२।११।२३ गते बिहान अं.०६:३० बजेको समयमा म मेरो घरको आँगनमा काम गरिरहेको अवस्थामा हाल नामथर थाहा भएका कानूनको बिवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर प" र मृतक परिवर्तित नाम बीरेन्द्रनगर क५३ बाटोमा एक आपसमा हात समाती जनजागरण सामुदायिक वनतर्फ गइरहेको मैले देखेकी थिए। ऐ. मितिको बिहान १०:३० बजेको समयमा मैले जनजागरण सामुदायिक बनका बनपाले राम बहादुर दमाईलाई फोन गरी गाउँमा जंगलमा मान्छे मरेको हल्ला छ तपाईलाई थाहा छ की के हो भन्दा निजले हो सामुदायिक बनमा हाल नामथर थाहा भएकी परिवर्तित नाम बीरेन्द्रनगर क५३ मृत अवस्थामा छन प्रहरीलाई खवर गरीसकेका छौं भनेपछि केही समय पश्चात म समेतका स्थानीय मानिसहरु घटनास्थलमा गई हेर्दा प्रहरी आइ घटनास्थलको सुरक्षा गरी कोही कसैलाई जान दिएका थिएनन् । मैले घटनास्थलदेखि केही टाढादेखि हेर्दा मृतक परिवर्तित नाम बीरेन्द्रनगर क५३ को शव उत्तानो अवस्थामा भुइमा थियो । मृतक लास देखि टाढा सेतो जुत्ता र झोला रहेको मैले देखी घटना सम्बन्धमा बुझ्दा कानूनको बिवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर प' ले जाहेरवालीको नावालक छोरीलाई ललाई फकाई जवर्जस्ती करणी गर्ने योजना बनाई सामुदायिक बनमा ल्याइ जवर्जस्ती करणी गरी कर्तव्य गरी मारेको र निज कानूनको बिवादमा परेका बालकको शरीरमा रगत जस्तो पदार्थ समेत लागेको देखिएको हुदाँ निजलाई कानून बमोजिम कारबाही गरीपाउँ भन्ने समेत व्यहोराको ललिता बि.क.ले गरेको घटना बिवरण कागज।

५. <u>कानूनको विवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर प" ले गरेको सोधपुछ कागजः-</u>

म आज भन्दा करिब ४ बर्ष अगाडी जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं.६ स्थित रहेको उषा बालबाटिका बोडिङ स्कुलमा भर्ना भई अध्ययन गर्दै आईरहेकोमा मृतक "वीरेन्द्रनगर क५३" पनि मसँगै एउटै कक्षामा पढ्ने भएकोले चिनजान भएको थियो । सो पश्चात मिति २०८१ सालमा निज मृतक "वीरेन्द्रनगर क५३" सँग कुराकानी गर्ने क्रममा निज मृतकले मलाई माया गर्छु भनी प्रस्ताव राखेकीले मलाई निज मृतक मन परी मैले हुन्छ भनी स्वीकार गरी स्कुलमा आएको बेलामा एक अर्काबीच माया प्रेमको कुरा गर्दै आएका थियौ । सो पश्चात निज मृतक र मैले नम्बर साटा साट गरी फोन तथा What's App मा माया प्रेमको कुरा गर्दै आएकोमा आज भन्दा ३/४ महिना अगाडी सुर्खेतको कपासे घुम्न गई जंगलमा गई निज मृतकको सहमतीमा शारीरिक सम्बन्ध राखेका थियौं । मिति २०८२ माघ महिनामा मृतकसँग शारीरिक सम्बन्ध राख्नको लागि अस्थायी साधन कण्डम आवश्यक परेकोले मैले मेरो घर नजिकैको चिनजानको भाई आरुष तिवारीलाई रु. ४००।- (चार सय) दिई अस्थायी साधन कण्डम ल्याउन भनेकोमा निज के कहाँ गई ISO लेखेको कण्डमको २ (दुई) प्याकेटमा ३/३ वटाको दरले ६ वटा ल्याई मलाई दिएका थिए । सो पश्चात मैले एउटा प्याकेट खोली दुईवटा अस्थायी साधन कण्डम घरमा आफैले कोठामा प्रयोग गरेको थिए । बाँकी रहेका चार वटा मृतकसँग शारीरिक सम्बन्ध राख्नको लागि चाहिन्छ भनी आफ्नो झोलामा राखेको थिए । वारदात मिति भन्दा पहिला मिति २०८२।११।१६ गते मैले मृतकसँग शारीरिक सम्बन्ध राख्ने विषयमा कुरा गरी निज मृतकलाई मैले आयुर्वेदिक अस्पतालको चोकमा बोलाई म अटोमा उक्त स्थानमा गई मृतक उक्त स्थानमा हिड्दै आई भेट गरी निजको लेडिज ब्याग मैले बोकी हिड्दै दिनको अं. ११:०० बजेको समयमा सहिद स्मृती टोलमा गई एउटा पसलबाट पानीको बोतल खरिद गरी मित्रनगर टोल हुँदै

जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. ४ स्थितमा रहेको जनजागरण सामुदायिक वनमा गई निजको सहमतीमा कुनै अस्थायी साधन प्रयोग नगरी मृतकसँग शारीरिक सम्बन्ध राखेको थिए । सो पश्चात मृतक र म सोही बाटो हुँदै पैदल आयुर्वेदिक अस्पताल चोकमा आई अटोमा चढी आ-आफ्नो घर गएका थियौ । मिति २०८२।११।२२ गते मैले मलाई मृतकसँग शारीरिक सम्बन्ध राख्न मन लागि मैले मृतक "वीरेन्द्रनगर क५३" सँग What's App मा फोन गरी तिमिलाई सामान किनिदिन्छु भोलि भेटौला शारीरिक सम्बन्ध राखौंला भनेकोमा निजले हुन्छ मलाई चुरा र गजरा किनी ल्याई दिनु भनेकोले मैले हुन्छ भनी घरमै मैले केरा बिस्कुट र चकलेट मिक्स गरेर एउटा केक बनाई सोही साँझको समयमा वीरेन्द्रनगर बजार गई निज मृतकलाई दिनको लागि १ दर्जन चुरा र टाउकोमा लगाउने गजरा रु. ३/४ सय जतीमा खरिद गरी भोलिपल्ट मृतकलाई दिने भनी केक र खरिद गरेका सामानहरू झोलामा राखी जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ क्याम्पस लाईन स्थित रहेको माईलो बुवाको घरमा गई सो राती त्यही बसी ऐ. २३ गते विहान ०५:३० बजे माईलो बुवाको घरबाट निस्की मृतकलाई म्यासेज गरी आउछु भनेकोमा निजले हुन्छ मेरो घर नजिकैको बाटोमा आउनु म आउछु भनेकीले म निज मृतक "वीरेन्द्रनगर क५३" को घर नजिकै बाटोमा गई बसेकोमा निज विहान अं. ०६:०५ बजेको समयमा म भएको स्थानमा आई हामी दुबै जनाले एक अर्काको हात समाती विस्तारै शारीरिक सम्बन्ध राख्ने कुरा गर्दै हिन्दै कुरा गर्दै बाटोमा जादै गर्दा के कहाँ गई शारीरिक सम्बन्ध राख्ने भनी कुरा गर्दा जंगलमा गई राखौंला भनेकीले म र निज मृतक आयूर्वेदिक अस्पतालको अगाडीको बाटो हुँदै उकालोमा माथि गाउँमा पुगी गाउँको तारबाट जनजागरण सामुदायिक जंगलतर्फ जाने बाटोबाट भित्र एकान्त जंगलमा गई बसी कुराकानी गर्दा निजले आफू थाकेको छु भनी मेरो काखमा पल्टिएर थकान मेटी पुनः सो स्थानबाट चिहानडाँडा मानिस गाड्ने स्थानमा गई पुनः तलतिर फर्की सम्म भएको ठाउँमा गई बसी कुराकानी गर्ने क्रममा मैले निजलाई थाकेको जस्तो मानी बिरामी हुनुहुन्छ भन्दा निजले छैन भनेपछि मैले शारीरिक सम्बन्ध राखौ भनेकोले निजले हुन्छ भनेपछि मैले निजलाई माथिल्लो शरीरमा भएको कपडा खोल्न भनी निजले कपडा खोलेपछि मैले निजको माथिल्लो शरीरको भित्र लगाएको भित्री कपडा ब्रा खोली मेरो झोलामा राखेर निजलाई चिसो भएकोले मैले निजकै टि-सर्ट मात्र लगाई दिईसके पश्चात मैले मेरो लिङ्गमा आफ्नो साथमा राखेको अस्थायी साधन कण्डम निकाली लिङ्गमा आफै लगाई ऐ. मितिको विहान अं. ०८:०० बजेको समयमा निज मृतकलाई घुडा र हात टेक्न लगाई मैले निज मृतकको पछाडीबाट निजको योनि भित्र लिङ्ग छिराई १ मिनेट जति शारीरिक सम्बन्ध राखिरहेको अवस्थामा निजले पछाडी टाउको फर्काई मतिर हेरेपछि मैले निजको योनिबाट लिङ्ग बाहिर निकाली मृतकलाई गाह्रो भएको होर भनी सोधेपछि निजले किन निकालेको हो? मैले भनेको मान्ने होईन छिटो भित्र हाल भनी ठुलो आवाजमा कराउने क्रममा निज मृतकलाई खोकी लागेर खोकेपछि निजको योनीबाट रगत अत्याधिक मात्रामा बाहिर आई मेरो तथा निजको शरीरमा लगाएको कपडामा समेत रगत लागि निज घुडा टेकेर उठ्ने क्रममा रिङ्गाटा लागेर भुईमा ढली बेहोस भएकीमा निजलाई मैले केही हुँदैन भनी सम्झाई मेरो साथी परिवर्तित नाम "वीरेन्द्रनगर ध" लाई फोन गरी म र "वीरेन्द्रनगर क५३" sos भन्दा माथिको जंगलको डाँडामा छौ "वीरेन्द्रनगर क५३" बेहोस छन सहयोग गर्न आइदिनुहोस् भनी बिन्ती गरेकोमा निजले साधन छैन भनेकोले मैले मेरो अर्को साथी "वीरेन्द्रनगर न" लाई फोन गरी सोही कुरा गरी निजले म आउछु भनेका थिए । सो पश्चात निज "वीरेन्द्रनगर क५३" ले बोल्न छोडेकीले निजलाई मैले छातिमा दबाई मुखबाट सास दिई निजको जुत्ता, मोजा खोली हात खुट्टामा मालिस गर्दा समेत सन्चो नभई



जिल्ला न्यायाधिवक्ता

बोल्न छोडेकी थिईन । सो पश्चात मैले मेरो साथीहरुलाई फोन गरी उद्धार गर्न आउ भनी बोलाउँदा मेरो साथी "वीरेन्द्रनगर ध" ले मलाई बाटो थाहा छैन कता हो लिन आउनु भनेकोमा म मेरो साथीहरुलाई लिन जाने भनी मेरो शरीरमा मृतकको योनिबाट आएको रगत लागेको कपडा खोली झोलामा राखी झोलामा रहेका सफा कपडा लगाई मृतकलाई सोही स्थानमा छोडी आयुर्बेदिक अस्पतालको माथिपट्टी कच्ची बाटोमा गई साथीहरु "वीरेन्द्रनगर ध", "न" र "फ" लाई फेला पारी हामी चारै जना "वीरेन्द्रनगर क५३" पल्टिएको स्थानमा जाँदा निज मृतक मरेको जस्तो मानी मेरो साथीहरुले मृतकलाई छुन ईन्कार गरेकोले मैले मेरो घर परिवारलाई समेत जानकारी गराई हामी चारै जनाले गाउँलेलाई बोलाउने सल्लाह गरी मेरो साथी "वीरेन्द्रनगर ध" लाई गाउँलेलाई बोलाउन पठाई निज स्थानीय गाउँलेलाई बोलाउने भनी गाउँमा गई स्थानीय मानिसहरुलाई खबर गर्न गएको अवस्थामा मैले लगाएको ज्याकेट खोली मैले मृतकलाई उठाई मेरो साथी "वीरेन्द्रनगर न" र "फ" ले निज मृतकलाई मेरो ज्याकेट लगाई सोही स्थानमा मृतकलाई सुताएका थियौ । साथी "वीरेन्द्रनगर ध" ले स्थानीय मानिसहरुलाई खबर गरी स्थानीय मानिसहरुले प्रहरीलाई खबर गरी स्थानीय मानिसहरु घटनास्थलमा आएको अवस्थामा तत्कालै प्रहरी आई मलाई सोधपुछ गरी घटनास्थललाई प्रहरीले सुरक्षा दिईरहेको अवस्थामा मेरो दिदी र दाइ आएकोमा म बेहोस भई ढलेको थिए । सो पश्चात मलाई स्थानीय मानिस र प्रहरीले उद्धार गरी प्रदेश अस्पताल सुर्खेतमा ल्याई प्रारम्भिक उपचार गराए पश्चात यस कार्यालयमा लिई आएका हुन भन्ने समेत व्यहोराको कानुनको विवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर प" ले गरेको सोधपुछ कागज ।

६. <u>कानूनको विवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर ध" ले गरेको सोधपुछ कागजः-</u>

म आज भन्दा करिब ४ बर्ष अगाडि जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ स्थित रहेको उषा बालबाटिका बोर्डिङ स्कुलमा कक्षा ८ मा भर्ना भई अध्ययन गर्दै आईरहेको थिए । सोही क्रममा मृतक "६४ वीरेन्द्रनगर क५३" र कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर न" पनि सँगै एउटै क्लासमा पढ्ने भएकोले चिनजान भएको थियो । मिति २०८१ सालमा निज मृतक "६४ वीरेन्द्रनगर क५३" लाई कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" ले मृतकलाई मन पराउछु भनी मलाई भनेका थिए । सो पश्चात निज मृतक "६४ वीरेन्द्रनगर क५३" र "वीरेन्द्रनगर प" सँगै घुम्न जाने गर्दै आएका थिए । मिति २०८२।११।२३ गते विहान ८:२१ बजेको समयमा कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" ले मलाई फोन गरी साथी तिमी कहाँ छौ भनेकोले म घरमै छु भनेपछि निजले मलाई "६४ वीरेन्द्रनगर क५३" र म जङ्गलमा घुम्न आएका थियौं, "६४ वीरेन्द्रनगर क५३" लाई चक्कर लागेर बेहोस भई भुईमा ढलेकी छिन, उद्धारको लागि तिमी आउ अस्पताल लैजाउँला भनेकोले मैले हुन्छ भनी आफ्नो कोठाबाट बाहिर निस्की आफ्नो स्कुटर हेर्दा नदेखेपछि आमालाई फोन गरी स्कुटी के कहाँ छ भन्दा आमाले ठुलो बुवाको छोरा दाइसँग छ भनेपछि मैले ठुलो बुवाको छोरालाई फोन गरी स्कुटर ल्याईदिन भनेकोमा निजले मैले फोन गरेको आधा घण्टापछि स्कुटी ल्याई मेरो घरमा आएकोमा मैले मेरो आमाको नाममा रहेको क.प्र. ०२००३ प ०९३३ नं. को स्कुटर चलाई निज "वीरेन्द्रनगर प" लाई फोन गर्दै गणेश चोकको बाटो हुँदै पुरानो सिदार्थ स्कुलको आडमा रहेको पसलबाट पानीको बोतल किनी स्कुटीको डिक्कीमा राखी आयुर्बेदिक अस्पताल नजिकै कच्ची बाटोमा गई म रोकिएपछि निज कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" फोन गर्दै आफै म भएको स्थानमा आई स्कुटीमा



जिल्ला सरकारी वकील कार्यालय
जिल्ला न्यायाधिवक्ता

अलि माथि गाउँमा गई स्कुटर पार्किङ्ग गरी राखेको अवस्थामा "वीरेन्द्रनगर न" ले "वीरेन्द्रनगर प" लाई फोन गरी बाटो थाहा छैन भनेपछि "वीरेन्द्रनगर प" निजहरुलाई लिन गएका थिए भने म सोही स्थानमा बसेको थिए । निजले "वीरेन्द्रनगर न" र "फ" लाई साथमा लिई आई हामी चारै जना भई जनजागरण सामुदायिक वनमा "६४ वीरेन्द्रनगर क५३" मृत अवस्थामा रहेको स्थानमा गई हेर्दा मृतकको फेसमा झिँगाहरु लागेको मैले देखेको हुँ । सो पश्चात म स्थानीय मानिसहरुलाई बोलाउने भनी गाउँमा गई स्थानीय मानिसहरुलाई जंगलमा केटी मान्छे बेहोस अवस्थामा छन उद्धार गरिदिनु पर्‍यो भनेर आग्रह गर्दा गाउँको स्थानीय मानिसहरुले प्रहरीलाई खबर गरी मैले स्थानीय मानिसहरुलाई घटनास्थलमा लिई गई हेर्दा "६४ वीरेन्द्रनगर क५३" को मृत्यू भईसकेको भनी भनेपछि केही समय पछि प्रहरी आई घटनास्थललाई घेरा बन्दी गरी "वीरेन्द्रनगर प" लाई सोधपुछ गरी नियन्त्रणमा लिएपछि म, "वीरेन्द्रनगर न" र " बिरेन्द्रनगर फ" घर गएका थियौं । मिति २०८२।११।२४ गते प्रहरीले म, "वीरेन्द्रनगर न" र " बिरेन्द्रनगर फ" लाई नियन्त्रणमा लिई यस कार्यालयमा ल्याएका हुन । जाहेरवालाले जाहेरी दरखास्तमा खुलाई लेखाई दिएको जस्तो मैले मृतकलाई जबर्जस्ती करणी गरी मारेको होईन । अन्य मसँगै प्रहरी नियन्त्रणमा रहेका कानूनको विवादमा परेका बालकहरुले गरे नगरेको बारेमा मलाई थाहा भएन भन्ने समेत व्यहोराको कानुनको विवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर ध' ले गरेको सोधपुछ कागज ।

७. <u>कानूनको विवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर न" ले गरेको सोधपुछ कागजः-</u>

आज भन्दा करिब ३ बर्ष अगाडी जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ स्थित रहेको उषा बालबाटिका बोर्डिङ स्कुलमा कक्षा ९ मा भर्ना भई हाल कक्षा ११ मा अध्ययन गर्दै आईरहेको छु । सोही क्रममा निज मृतक "६४ वीरेन्द्रनगर क५३" र कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर ध", "बिरेन्द्रनगर प" र मृतक पनि सँगै एउटै कक्षामा पढ्ने भएकोले निजहरुसँग चिनजान भएको थियो । मिति २०८१ साल देखि निज मृतक "६४ वीरेन्द्रनगर क५३" र कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" प्रेम सम्बन्धमा रहेको कुरा मलाई थाहा थियो। "वीरेन्द्रनगर प" र मृतकले एक अर्कालाई मन पराउछु भनी मलाई भनेका थिए। कहिले काँही निज मृतक "६४ वीरेन्द्रनगर क५३" र "वीरेन्द्रनगर प" सँगै घुम्न जाने गर्दै आएका थिए । मिति २०८२।११।२० गते मेरो घरमा मेरो ठुलो बुवाको छोरी मेरो दिदी आई मेरो आमा र मेरो ठुलो बुवाको छोरी मेरो दिदी मतदान गर्ने भनेर मेरो पुरानो घर जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. १३ नलखोला गई मतदान गरी ऐ. मितिको २१ गते मेरो आमा र दिदी मेरो घरमा आई सो दिन मेरो घरमा बसी मिति २०८२।११।२२ गते दिदी आफ्नो घर जाने भनी जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. ४ कालागाउँ जादै गर्दा म पनि दिदीसँग दिदीको घरमा भाई "वीरेन्द्रनगर फ" सँग भेटघाट गर्ने भनी गएको थिए । मिति २०८२।११।२३ गते विहान अं.०९:०० बजेको समयमा कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" ले मलाई फोन गरी साथी तिमी कहाँ छौ, मेरो केटी साथी "६४ वीरेन्द्रनगर क५३" र म जङ्गलमा घुम्न आएका थियौं, "६४ वीरेन्द्रनगर क५३" लाई एक्कासी चक्कर लागेर बेहोस भई भुईमा ढलेकी छिन। मुखबाट फिँज आएको छ, यौनीबाट रगत आईरहेको छ, उद्धारको लागि तिमी आउ, अस्पताल लैजाउला भनेकोले मैले हुन्छ भनी मेरो ठुलो बुवाको घर जिल्ला सुर्खेत वीरेन्द्रनगर न.पा.वडा नं.४ कालागाउँबाट ठुलो बुवाको छोरा कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर फ" र म पैदल दौडिदै निज कानूनको

 जिल्ला न्यायाधिवक्ता

विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" लाई फोन गर्दै sos स्कुल र आयुर्वेदिक अस्पताल नजिकैको कच्ची बाटो हुँदै गईरहेको अवस्थामा जनजागरण सामुदायिक वनतर्फ जाने बाटो नजिक निज कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" देखी भेटी हतार हतारमा निज र कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर ध" को पछिपछि घटनास्थल भएको बिच जंगलमा जाँदा बाटो मुनि जंगलमा परिवर्तित संकेत नाम "६४ वीरेन्द्रनगर क५३" उत्तानो अवस्थामा ओठ, आँखा र खुट्टाको पैतला निलो भई मुखमा झिङ्गा लागी निजको मृत्यु भईसकेको जस्तो देखेको थिए । कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" ले भने अनुसार निज मृतकको मुखबाट फिंज र यौनीबाट रगत आएको मैले देखिन । तत् पश्चात सँगै गएका कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर ध" लाई हामीहरुले स्थानीय मानिसहरुलाई बोलाउन पठाई केही समयपछि स्थानीय मानिसहरु र प्रहरी आई घटनास्थललाई घेरा बन्दी गरी "वीरेन्द्रनगर प" लाई सोधपुछ गरी नियन्त्रणमा लिएपछि म, "वीरेन्द्रनगर ध" र "बिरेन्द्रनगर फ" घर गएका थियौं । मिति २०८२।११।२४ गते प्रहरीले म, "वीरेन्द्रनगर ध" र "बिरेन्द्रनगर फ" लाई नियन्त्रणमा लिई यस कार्यालयमा ल्याएका हुन । जाहेरवालाले जाहेरी दरखास्तमा खुलाई लेखाई दिएको जस्तो मैले मृतकलाई जबर्जस्ती करणी गरी मारेको होईन । अन्य मसँगै प्रहरी नियन्त्रणमा रहेका कानूनको विवादमा परेका बालकहरुले उक्त कार्य गरे/नगरेको बारेमा मलाई थाहा भएन भन्ने समेत व्यहोराको कानुनको विवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर न" ले गरेको सोधपुछ कागज ।

८. <u>कानूनको विवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर फ" ले गरेको सोधपुछ कागजः-</u>

म आज भन्दा करिब ७ बर्ष अगाडी जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. ४ स्थित रहेको sos स्कुलमा कक्षा ४ मा भर्ना भई अध्ययन गर्दै आईरहेको थिए । मिति २०८२।११।२० गते मेरो दिदी पुरानो घर जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं.१३ नलखोला गई मिति २०८२।११।२२ गते दिदी घर आउँदा काकाको छोरा "वीरेन्द्रनगर न" पनि दिदीसँग मेरो घरमा मसँग भेटघाट गर्ने भनी आएको थिए । मिति २०८२।११।२३ गते विहान अं. ९:०० बजेको समयमा मेरो दाई "वीरेन्द्रनगर न" को साथी कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" ले दाई "वीरेन्द्रनगर न" लाई फोन गरेकोमा मेरो दाईले साथीलाई ईमेरजेन्सी काम पर्यो रे जाम भनेपछि दाई र म मेरो घरबाट हतार हतार फोन गर्दै आयुर्वेदिक अस्पतालको बाटो हुँदै गाउँमा पुगेको अवस्थामा "वीरेन्द्रनगर प" ले हातले ईसारा गरी गाउँमा बोलाएकोले म र मेरो दाई "वीरेन्द्रनगर न" उक्त स्थानमा गई "वीरेन्द्रनगर प" र "वीरेन्द्रनगर ध" सँग भेट भई हामी चारै जना भई जनजागरण सामुदायिक वनमा "६४ वीरेन्द्रनगर क५३" मृत अवस्थामा रहेको स्थानमा गई हेर्दा मृतकको फेसमा झिंगाहरु, रातो कमिलाहरु लागेको मैले देखेको हुँ। सो पश्चात हामी चारै जनाले सल्लाह गरी स्थानीय मानिसहरुलाई बोलाउने भनी "वीरेन्द्रनगर ध" लाई गाउँमा पठाई निज गाउँमा स्थानीय मानिसहरुलाई बोलाउन गएका थिए। निज गाउँमा स्थानीयलाई खबर गर्न गईसके पश्चात "वीरेन्द्रनगर प" ले मृतकलाई आफूले लगाएको ज्याकेट खोली मृतकलाई लगाउने क्रममा मृतकको ढाडमा खोस्रिएको निलो डाम देखेको थिए। सो पश्चात "वीरेन्द्रनगर ध" ले स्थानीय मानिसहरुलाई बोलाई स्थानीय मानिसहरुले प्रहरीलाई खबर गरी स्थानीय मानिसहरु घटनास्थलमा आई टाढैबाट मृत लाशलाई हेरी "६४ वीरेन्द्रनगर क५३" को मृत्यू भईसकेको भनेपछि केही समयपछि प्रहरी आई घटनास्थललाई घेरा बन्दी गरी "वीरेन्द्रनगर प" लाई सोधपुछ गरी नियन्त्रणमा लिएपछि म, "वीरेन्द्रनगर



जिल्ला न्यायाधिवक्ता

न" र "बिरेन्द्रनगर ध" घर गएका थियौं। मिति २०८२।११।२४ गते प्रहरीले म, "वीरेन्द्रनगर न" र "बिरेन्द्रनगर ध" लाई नियन्त्रणमा लिएका हुन। जाहेरवालाले जाहेरी दरखास्तमा खुलाई लेखाई दिएको जस्तो मैले मृतकलाई जबर्जस्ती करणी गरी मारेको होईन। अन्य मसँगै प्रहरी नियन्त्रनमा रहेका कानूनको विवादमा परेका बालकहरुले गरे नगरेको बारेमा मलाई थाहा भएन भन्ने समेत व्यहोराको कानुनको विवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर फ" ले गरेको सोधपुछ कागज ।

९. संगिता बि.क. ले गरेको घटना बिवरण कागजको छोटकरी बिवरणः-

मिति २०८२।११।२३ गते विहान ९:३० बजेको समयमा पुर्ण बहादुर वि.क. समेतका मानिसहरुले जनजागरण सामुदायिक वनमा बेहोस अवस्थामा मानिस फेला परेको भनेकोमा म, "वीरेन्द्रनगर ध", राम बहादुर दमाई, भद्रकला कामी र पुर्ण बहादुर वि.क. घटनास्थलतर्फ जाँदै गर्दा बाटोबाटै राम बहादुर वि.क. ले प्रहरीलाई फोन गरी जनजागरण सामुदायिक वनमा एक जना बेहोस अवस्थामा छन आईदिनुहोस भनी जानकारी गराई घटनास्थलमा जाँदा परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" हल्का भिरालो जमिनमा उतानो अवस्थामा मुखमा हरिया झिंगाहरु भन्किएका, हात खुट्टामा राता धर्साहरु देखिएको अवस्थामा शव रहेको, उक्त शवको नजिकै परिवर्तित नाम "वीरेन्द्रनगर प" उभिई निजको शरीरमा रगत लागि रातो अवस्थामा रहेको, निज के कहाँ फोन गरिरहेका थिए भने अन्य हाल नामथर वतन खुलेका परिवर्तित नाम "वीरेन्द्रनगर न" र "बिरेन्द्रनगर फ" झोला रहेको स्थान नजिकै उभिरहेका थिए । राम बहादुर दमाई समेतले निज परिवर्तित नाम "वीरेन्द्रनगर प" सँग के कसरी घटना घटेको भनी सोधपुछ गर्दा निजले आफु र परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" विहान मनिङ्ग वाकमा आएको बेलामा निज "६४ वीरेन्द्रनगर क५३" बेहोस भएकी हुन भनी बताएका थिए । सो पश्चात सहिदपार्क तथा यस कार्यालयबाट प्रहरी अधिकृत सहितको टोली आई घटनास्थललाई सुरक्षा दिईरहेको अवस्थामा "वीरेन्द्रनगर प" को दिदी र दाईले फोनमा "वीरेन्द्रनगर प" लाई घटनास्थल थाहा नभएको हामीलाई लिन आउ एम्बुलेन्स ल्याउने होकी भन्दा निजले "६४ वीरेन्द्रनगर क५३" को मृत्यू भईसकेको र एम्बुलेन्स नचाहिने, घटनास्थलमा तपाईहरु छिटो भन्दा छिटो आउनुहोस भन्दा निजको दिदीले हामीहरुलाइ बाटो थाहा छैन भनेपछि "वीरेन्द्रनगर प" ले "वीरेन्द्रनगर ध" लाई दिदी र दाईलाई लिन पठाए पश्चात निज गई साथमा दिदी र दाईलाई घटनास्थलमा ल्याई आएका थिए । निजहरु तथा मृतकको आमा लगाएतका आफन्तहरु आईसके पश्चात प्रहरीले लाशजाँच मुचुल्का गरी घटनास्थलमा रहेका दशी प्रमाणहरु बरामद गरी निज कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" लाई गाडीमा राखी लिई गएका थिए भन्ने समेत व्यहोराको संगिता बि.क. ले गरेको घटना बिवरण कागज ।

१०. भद्रकला कामीले गरेको घटना बिवरण कागजः-

मिति २०८२।११।२३ गते विहान ९:३० बजेको समयमा म र पुर्ण बहादुर वि.क.आफ्नै घर अगाडी छरिएको बालुवा जम्मा गरिरहेको अवस्थामा हाल नामथर वतन थाहा भएका "वीरेन्द्रनगर ध" म समेत भएको स्थानमा आई मेरो साथीको साथी जनजागरण सामुदायिक वनमा बेहोस छन गईदिनु पर्यो भनी बिन्ती गरेकोले म समेतले गाउँको मानिसहरुलाई खबर गरी हाल नामथर वतन खुलेका परिवर्तित नाम "वीरेन्द्रनगर ध", म, राम बहादुर दमाई, संगिता वि.क. र पुर्ण बहादुर वि.क. घटनास्थलतर्फ जादै गर्दा बाटोबाटै राम बहादुर वि.क.ले प्रहरीलाई फोन गरी जनजागरण सामुदायिक वनमा एक जना बेहोस अवस्थामा छन आईदिनुहोस भनी जानकारी गराई घटनास्थलमा जाँदा हाल नामथर वतन खुलेकी


जिल्ला न्यायाधिवक्ता

परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" हल्का भिरालो जमिनमा उतानो अवस्थामा मुखमा हरिया झिगाहरु भन्किएका, हात खुट्टामा राता धर्साहरु देखिएको अवस्थामा शव रहेको, उक्त शवको नजिकै परिवर्तित नाम "वीरेन्द्रनगर प" उभिई निजको शरीरमा रगत लागि रातो अवस्थामा रहेको निज के कहा फोन गरिरहेका थिए भने अन्य हाल नामथर वतन खुलेका परिवर्तित नाम "वीरेन्द्रनगर न" र "बिरेन्द्रनगर फ" झोला रहेको स्थान नजिकै उभिरहेका थिए । म समेतले निज परिवर्तित नाम "वीरेन्द्रनगर प" सँग के कसरी घटना घटेको भनी सोधपुछ गर्दा निजले आफु र परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" विहान मनिङ्ग वाकमा आएको बेलामा निज "६४ वीरेन्द्रनगर क५३" बेहोस भएकी हुन भनी बताएका थिए। सो पश्चात सहिदपार्क तथा यस कार्यालयबाट प्रहरी अधिकृत सहितको टोली आई घटनास्थललाई सूरक्षा दिईरहेको अवस्थामा "वीरेन्द्रनगर प" को दिदी र दाईले फोनमा "वीरेन्द्रनगर प" लाई घटनास्थल थाहा नभएकोले हामीलाई लिन आउ, एम्बुलेन्स ल्याउने होकी भन्दा निजले "६४ वीरेन्द्रनगर क५३" को मृत्यू भईसकेको र एम्बुलेन्स नचाहिने, घटनास्थलमा तपाईहरु छिटो भन्दा छिटो आउनुहोस भन्दा निजको दिदीले हामीहरुलाई बाटो थाहा छैन भनेपछि "वीरेन्द्रनगर प" ले "वीरेन्द्रनगर ध" लाई दिदी र दाईलाई लिन पठाए पश्चात निज गई साथमा ल्याई आएका थिए। निजहरु तथा मृतकको आमा लगाएतका आफन्तहरु आईसके पश्चात प्रहरीले लाशजाँच मुचुल्का गरी घटनास्थलमा रहेका दशी प्रमाणहरु बरामद गरी निज कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" लाई गाडीमा राखी लिएका थिए भन्ने समेत व्यहोराको भद्रकला कामीले गरेको घटना बिवरण कागज ।

११. <u>पुर्ण बहादुर बि.क. ले गरेको घटना बिवरण कागजको छोटकरी बिवरणः-</u>

मिति २०८२।११।२३ गते विहान ९:३० बजेको समयमा म आफ्नै घर अगाडी छरिएको बालुवा जम्मा गरिरहेको अवस्थामा "वीरेन्द्रनगर ध" म भएको स्थानमा आई मेरो साथीको साथी जनजागरण सामुदायिक वनमा बहोस छन, गईदिनु पर्यो भनी बिन्ती गरेकोले मैले मेरो छिमेकी राम बहादुर दमाईलाई बोलाई उक्त कुरा भनेपछि हाल नामथर वतन खुलेका परिवर्तित नाम "वीरेन्द्रनगर ध", म, राम बहादुर दमाई, संगिता वि.क. र भद्रकला वि.क. घटनास्थलतर्फ जादै गर्दा बाटोबाटै राम बहादुर वि.क.ले प्रहरीलाई फोन गरी जनजागरण सामुदायिक वनमा एक जना बेहोस अवस्थामा छन आईदिनुहोस भनी जानकारी गराई घटनास्थलमा जाँदा हाल नामथर वतन खुलेकी परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" हल्का भिरालो जमिनमा उत्तानो अवस्थामा मुखमा हरिया झिगाहरु भन्किएका, हात खुट्टामा राता धर्साहरु देखिएको अवस्थामा शव रहेको, उक्त शवको नजिकै परिवर्तित नाम "वीरेन्द्रनग प" उभिई निजको शरीरमा रगत लागि रातो अवस्थामा रहेको, निज के कहा फोन गरिरहेका थिए भने अन्य हाल नामथर वतन खुलेका परिवर्तित नाम "वीरेन्द्रनगर न" र "बिरेन्द्रनगर फ" झोला रहेको स्थान नजिकै उभिरहेका थिए । म समेतले निज परिवर्तित नाम "वीरेन्द्रनगर प" सँग के कसरी घटना घटेको भनी सोधपुछ गर्दा निजले आफु र परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" विहान मनिङ्ग वाकमा आएको बेलामा निज "६४ वीरेन्द्रनगर क५३" बेहोस भएकी हुन भनी बताएका थिए । सो पश्चात सहिदपार्क तथा जिल्ला प्रहरी कार्यालयबाट प्रहरी अधिकृत सहितको टोली आई घटनास्थललाई सुरक्षा दिईरहेको अवस्थामा "वीरेन्द्रनगर प" को दिदी र दाईले फोनमा घटनास्थल थाहा नभएकोले हामीलाई लिन आउ एम्बुलेन्स ल्याउने होकी भन्दा निजले "६४ वीरेन्द्रनगर क५३" को मृत्यू भईसकेको र एम्बुलेन्स नचाहिने, घटनास्थलमा तपाईहरु छिटो भन्दा छिटो आउनुहोस भन्दा निजको दिदीले


जिल्ला न्यायाधिवक्ता

हामीहरुलाइ बाटो थाहा छैन भनेपछि "वीरेन्द्रनगर प" ले "वीरेन्द्रनगर ध" लाई दिदी र दाईलाई लिन पठाए पश्चात निज गई साथमा घटनास्थलमा ल्याई आएका थिए । निजहरु तथा मृतकको आमा लगाएतका आफन्तहरु आईसके पश्चात प्रहरीले लाशजाँच मुचुल्का गरी घटनास्थलमा रहेका दशी प्रमाणहरु बरामद गरी निज कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" लाई गाडीमा राखी लिई गएका थिए भन्ने समेत व्यहोराको पुर्ण बहादुर बि.क. ले गरेको घटना बिवरण कागज ।

१२. <u>कल्पना गौतमले गरेको घटना बिवरण कागजः-</u>

मिति २०८२।११।२३ गते विहान अं. ६:०० बजेको समयमा हाल नामथर वतन खुलेका कानूनको बिवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनग प" र मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" मेरो घरको बाटोमा आई "६४ वीरेन्द्रनगर क५३" बाटोमै बसी कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनग प" मेरो पसलमा आई एउटा मिनिरल वाटर (पानीको बोतल) मागी रु.१००/- (एक सय) को नोट दिएकोमा मैले पानीको रु.२५ (पच्चिस) रुपैया काटी रु.७५/- रुपैया फिर्ता दिएपछि निजहरू त्यहाँबाट गएका थिए । सो पश्चात निजहरु के कहाँ गए मलाई थाहा भएन । निजहरू मेरो पसलमा आएको समयमा निजहरूले एक अर्कासँग कुराकानी गरेको मैले सुनिन । सो समयमा निजहरूले केही कुराकानी गरेका होइनन् । पछि ऐ. मितिको विहान अं.१०:०० बजेको समयमा गाउँको जनजागरण सामुदायिक वनमा एक जना बालिका बेहोस अवस्थामा फेला परेको भनी हल्ला सुनिसके पश्चात प्रहरीको गाडी वारदात स्थलतर्फ गएको मैले देखेकी हुँ। निज कानूनको बिवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनग प" र मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" मिति २०८२।११।१६ गते दिउँसोको समयमा निजहरु हाम्रो घरको बाटो हुँदै निजहरु दुइजना मात्र केटाले केटीको हात समाएर केटीको जस्तो देखिने व्याग केटाले बोकेर जनजागरण सामुदायिक वनतर्फ गएको मैले देखेकी थिए। कानूनको विवादमा परेका बालकहरू परिवर्तित नाम "वीरेन्द्रनगर प", बिरेन्द्रनगर फ", "बिरेन्द्रनगर न" र "बिरेन्द्रनगर ध" ले सामूहिक जबर्जस्ती करणी गरी कर्तब्य गरी मारेको भन्ने स्थानीय मानिसहरुबाट सुनेर तथा सामाजिक संजालमा हेरेर थाहा पाएकी हुँ भन्ने समेत व्यहोराको कल्पना गौतमले गरेको घटना बिवरण कागज ।

१३. <u>सुभाष न्यौपानेले गरेको घटना बिवरण कागजः-</u>

मिति २०८२।११।२३ गते विहान अं.१०:०० बजेको समयमा म काम गर्ने विद्यालयको टिचर भाईस प्रिन्सिपल सुदिप भुषालले फोन गरी विद्यालयमा बोलाएकोमा म विद्यालयमा जाँदा निजले मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को आमाको नम्बर मागेकोमा मैले हाजिर रजिष्टरमा नम्बर हेरी दिएकोमा निजले प्रहरीलाई फोन गरी नम्बर दिई हाम्रो विद्यालयमा पढ्ने "६४ वीरेन्द्रनगर क५३" लाई जनजागरण सामुदायिक वनमा लिई हाम्रै विद्यालयमा पढ्ने कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" ले जबर्जस्ती करणी गरी हत्या गरेको छन, घटनास्थलमा जाउ भनेकोले म, सुदिप भुषाल, माधव सापकोटा र ईन्द्र चापागाई घटनास्थलमा जाँदा प्रहरीले घटनास्थलमा घेराबार हाली सुरक्षित गरेका थिए। सो स्थानमा भेला जम्मा भएका स्थानीय मानिसहरुसँग बुझ्दा जबर्जस्ती करणी गरी हत्या भएको भनेपछि घटना सम्बन्धमा सुनी थाहा पाएको हुँ। कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प", "बिरेन्द्रनगर न", र "बिरेन्द्रनगर ध" म काम गर्ने विद्यालयमै ११ कक्षामा पढ्दै आएका छन । अर्का कानूनको विवादमा परेका बालक परिवर्तित नाम



जिल्ला न्यायाधिवक्ता

"वीरेन्द्रनगर फ" कहाँ के कुन विद्यालयमा पढ्छन मलाई थाहा भएन। कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" र मृतक "६४ वीरेन्द्रनगर क५३" प्रेम सम्बन्धमा रहे/नरहेको सम्बन्धमा मैले निजहरुसँग कुनै कुरा तथा सम्झाई बुझाई हालसम्म गरेको छैन। सो विद्यालयका अन्य सरहरुले गरे नगरेको विषयमा मलाई थाहा भएन। निज मृतक र "वीरेन्द्रनगर प" प्रेम सम्बन्धमा रहेको भन्ने कुरा मलाई थाहा थिएन, हाल सुनी थाहा पाएको हुँ। निज कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" ले मृतक र आफू प्रेम सम्बन्धमा रहेको अवस्थामा म समेतले सोधपुछ गर्दा आफूले मृतकसँग प्रेम सम्बन्धमा रहेको कुरा स्वीकार गरेको भनी किन खुलाई लेखाई दिएका हुन सो सम्बन्धमा मलाई थाहा भएन। मृतक र कानूनको विवादमा परेका बालकहरु सँगै घुम्न तथा खाजा खान जाने गरे नगरेको सम्बन्धमा थाहा भएन। मृतकले खाजा घरबाटै ल्याउने गर्थिन। घरबाट खाजा नल्याएको अवस्थामा खाजा खान मसँग अनुमती लिई विद्यालय नजिकै रहेको खाजा पसलबाट खाजा मगाई खाने गरेकी थिईन। अन्य घटना सम्बन्धमा मलाई केही थाहा जानकारी छैन भन्ने समेत व्यहोराको सुभाष न्यौपानेले गरेको घटना बिवरण कागज ।

१४. <u>आरुष तिवारीले गरेको घटना बिवरण कागजः-</u>

कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" र मेरो घर करिव २० मिटरको दूरीमा पर्छ । म निजको घरमा जाने आउने गर्छु । सन् १६ जनवरी २०२६ (२०८२ माघ २) मा बिहानको ११:५४ मा परिवर्तित नाम "वीरेन्द्रनगर प" ले निजले प्रयोग गर्ने फेसबुक मेसेन्जरबाट मैले प्रयोग गर्दै आएको फेसबुको मेसेन्जरमा कल गरी आफ्नो ११ कक्षाको अध्ययनको सिलसिलामा Biology को Practical को लागि कण्डम आवश्यक परेको, कण्डम लिई कलेज जानु पर्ने भएको र कलेजले ल्याङ गरेकोले कन्डम खरिद गरी ल्याई दिन भनेका थिए । पछि निजले मेसेन्जरमा पनि सोही व्यहोराको मेसेज गरेका थिए । मैले हुन्छ भने । मैले सोही दिन बजार गई नामथाहा नभएको मेडिकलबाट २ (दुई) प्याकेट कन्डम रु. १००।- (एक सय) मा खरिद गरी निजलाई सोही दिन दिएँ । सो बापत निजले मेरो e sewa (id 9848114850) मा रु. ५००।- (पाँच सय मात्र) जम्मा गरी दिए जस्तो लाग्छ । "वीरेन्द्रनगर प" ले सन् २१ फेब्रुअरी २०२६ (मिति २०८२/११/०९ गते) साँझ ६:४५ बजे फेसबुकमा मेसेज पठाई पुनः कण्डम आवश्यक परेको र खरिद गरी ल्याउन अनुरोध गरी मेरो माथि उल्लेखित e sewa id (९८४८११४८५०) मा रु. २५०।- (दुई सय पचास मात्र) जम्मा गरेकोमा म पुनः सोही पसलमै गई रु. १००।- (एक सय) मा १ प्याकेट कण्डम खरिद गरी निजलाई दिएको थिएँ । निजले बाकी पैसा तिमि आफै खर्च गर्नु भनेका थिए । "वीरेन्द्रनगर प" समेतका व्यक्तिहरुले परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई करणी गरी कर्तव्य गरी मारेको भन्ने घटना सम्बन्धमा मैले विभिन्न संचार माध्यमहरुबाट थाहा पाएको हुँ। सो घटनाको वास्तविकता मलाई थाँहा छैन । उक्त कसूरको अनुसन्धानको क्रममा घटनास्थलबाट संकलन गरिएको ISO लेखिएको कन्डम थान ३ मलाई देखाउँदा हेरी देखें। उक्त कन्डम मैले दोस्रो पटक खरिद गरी परिवर्तित नाम "वीरेन्द्रनगर प" लाई उपलब्ध गराएको कन्डम हो, हेरी चिनी सनाखत गरी दिएँ। मैले उक्त कण्डमको प्याकेट निजलाई दिएपछि निजले प्याकेट फाली सो भित्र रहेको कण्डमहरु मात्र आफ्नो खल्तीमा राखेका थिए भन्ने समेत व्यहोराको आरुष तिवारीले गरेको घटना बिवरण कागज ।

१५. <u>बिहानी रस्तेलले गरेको घटना बिवरण कागजः-</u>

मैले जाहेरवाला "वीरेन्द्रनगर ५३B" म पढ्ने स्कुलमा आएको बेलामा सामान्य चिनजान भएको थियो भने मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" मेरो साथी हुन । निज स्कुलमा मसँगै बेन्चमा बस्दै आएकी थिईन । कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प", "बिरेन्द्रनगर न", र "बिरेन्द्रनगर ध" म पढ्ने स्कुलमा एउटै कक्षामा पढ्ने भएको हुँदा निजहरुलाई चिन्दछु भने अर्को कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर फ" लाई चिन्दैन । म र मसँगै जन्मेकी जुम्लेहा दिदी उषा-बालबाटिका माध्यामीक विद्यालयमा कक्षा १० मा पढ्ने क्रममा मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" र कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" प्रेम सम्बन्धमा थिए । निजहरु प्रेम सम्बन्धमा रहेको अवस्थामा कक्षा कोठामा शिक्षकहरु नभएको बेलामा मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" बस्ने लेडिज बेन्चमा कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" आई एक आपसमा कुरा गर्ने गर्दै आएका थिए। निजहरु स्कुलदेखी आ-आफ्नो घरमा गएको अवस्थामा एक-आपसमा फोन तथा What,s App, ईनिष्टाग्राममा कुरा गर्दै आएको भनी मृतकले मसँग भन्ने गरेकी थिईन। कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" ले मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" ले छोडेमा म मरिदिन्छु, म मेरो घर परिवार छाडिदिन्छु तिमिलाई छाड्न सक्दिन भन्ने र मृतकले पनि उक्त कुरालाई स्वीकार गर्दै आएकी थिईन । मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" ले घरबाट ल्याएको खाजा मृतक र कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" ले कक्षा कोठामा सँगै बसी खाने गरेका थिए । मिति २०८२ साल पुष/माघ महिना तिर मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को घरमा मर्मत कार्य भईरहेको अवस्थामा निज मृतकले आफुले पालेको कुकुर कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" लाई आफ्नो घर मर्मत गरुन्जेल राखिदिन भनी दिएको र "वीरेन्द्रनगर प" ले आफ्नो घरमा लिई गएको भनी मलाई भनेकी थिईन । मिति २०८२।११।१५ गतेदेखि स्कुलमा प्रतिनिधि सभाको चुनावको लागि ऐ.२५. गतेदेखी स्कुल लाग्ने भनी विदा भएकोले दिदी र म आफ्नो रुममै बसेका थियौ । स्कुल विदा भईसके पश्चात निज मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" सँग कुरा भएको थिएन। मिति २०८२।११।२३ गते साँझ अं.६:०० बजेको समयमा मेरो साथी मन्जु वि.क. ले मेरो ईन्ष्ट्राग्राममा मलाई फोन गरी प्रदेश अस्पताल कालागाउँ सुर्खेतमा आउनु भनी बोलाएकोले म र मेरो दिदी सन्ध्या रम्तेल प्रदेश अस्पताल कालागाउँ सुर्खेतमा जाँदा मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" टयूसन पढ्न भनी मिति २०८२।११।२३ गते विहानको समयमा स्कुल गएकोमा कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" ले आफ्नो साथमा जंगलमा लिई जबर्जस्ती करणी गरी हत्या गरेको र मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को मृत्यू भईसकेको भनी मलाई मृतकको आफन्तले भनेपछि मैले घटना सम्बन्धमा सुनी थाहा पाएकी हुँ । निज मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" र "वीरेन्द्रनगर प" को तथा निजहरुको आफन्त अन्य कोही मानिसहरुको कुनै जाति वर्गको विषयमा वादविवाद भएको मलाई थाहा छैन। मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" र "वीरेन्द्रनगर प" प्रेम सम्बन्धमा भएको विषयमा स्कुलको शिक्षकहरुले थाहा पाई "वीरेन्द्रनगर प" को अभिभावकलाई स्कुलमा बोलाई छलफल गराएको विषयमा पनि मलाई थाहा जानकारी छैन भन्ने समेत व्यहोराको बिहानी रम्तेलले गरेको घटना बिवरण कागज ।

१६. <u>सन्ध्या रम्तेलले गरेको घटना बिवरण कागजः-</u>

जिल्ला न्यायाधिवक्ता

मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" मेरो साथी हुन । निज मेरो जुम्ल्याहा बहिनी विहानी रम्तेलसँग स्कुलमा सँगै बेन्चमा बस्दै आएकी थिईन। कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प", "बिरेन्द्रनगर न", र "बिरेन्द्रनगर ध" म पढ्ने स्कुलमा एउटै कक्षामा पढ्ने भएको हुँदा निजहरुलाई चिन्दछु भने अर्का कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर फ" लाई चिन्दैन । म र मसँगै जन्मेकी जुम्ल्याह बहिनी विहानी रम्तेल उषा-बालबाटिका माध्यामीक विद्यालयमा कक्षा १० मा पढ्ने क्रममा मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" र कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" प्रेम सम्बन्धमा थिए । निजहरु प्रेम सम्बन्धमा रहेको अवस्थामा कक्षा कोठामा शिक्षकहरु नभएको अवस्थामा मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" बस्ने लेडिज बेन्चमा कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" आई एक आपसमा कुरा गर्ने गर्थे । निजहरु स्कुलदेखी आ-आफ्नो घरमा गएको अवस्थामा एक-आपसमा फोन तथा What,s App, ईन्ष्टाग्राममा कुरा गर्दै आएको भनी मृतकले मसँग भनेकी थिईन । कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" ले मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" ले छोडेमा म मरिदिन्छु, म मेरो घर परिवार छाडिदिन्छु, तिमिलाई छाड्न सक्दिन भन्ने र मृतकले पनि उक्त कुरालाई स्वीकार गर्दै आएकी थिईन । मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" ले घरबाट ल्याएको खाजा मृतक र कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" कक्षाकोठामा सँगै बसी खाने गरेका थिए । मिति २०८२ साल पुष/माघ महिना तिर मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को घरमा मर्मत कार्य भईरहेको अवस्थामा निज मृतकले आफुले पालेको कुकुर कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" आफ्नो घर मर्मत गरुन्जेल राखिदिन भनी दिएको र "वीरेन्द्रनगर प" ले आफ्नो घरमा लिई गएको भनी मलाई भनेकी थिईन । मिति २०८२।११।१५ गतेदेखि स्कुलमा प्रतिनिधि सभाको निर्वाचनको लागि ऐ. २५ गतेदेखी स्कुल लाग्ने भनी विदा भएकोले बहिनी र म आफ्नो रुममै बसेका थियौ । स्कुल विदा भईसके पश्चात निज मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" सँग कुरा भएको थिएन । मिति २०८२।११।२३ गते साँझ अं. ६:०० बजेको समयमा मेरो साथी मन्जु वि.क.ले मेरो बहिनी बिहानी रम्तेलको ईन्ष्टाग्राममा फोन गरी प्रदेश अस्पताल कालागाउँ सुर्खेतमा आउनु भनी बोलाएकोले म र मेरो बहिनी विहानी रम्तेल प्रदेश अस्पताल कालागाउँ सुर्खेतमा जाँदा मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" ट्यूसन पढ्न भनी मिति २०८२।११।२३ गते विहानको समयमा स्कुल गएकोमा कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" ले आफ्नो साथमा जंगलमा लिई जबर्जस्ती करणी गरी हत्या गरेकोले मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को मृत्यू भईसकेको भनेपछि मैले घटना सम्बन्धमा सुनी थाहा पाएकी हुँ । मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" र "वीरेन्द्रनगर प" तथा निजहरुको आफन्त अन्य अन्य कोही मानिसहरुको कुनै जाति वर्गको विषयमा वादविवाद भएको मलाई थाहा छैन । मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" र "वीरेन्द्रनगर प" प्रेम सम्बन्धमा भएको विषयमा स्कुलको शिक्षकहरुले थाहा पाई "वीरेन्द्रनगर प" को अभिभावकलाई स्कुलमा बोलाई छलफल गराएको विषयमा पनि मलाई थाहा जानकारी छैन भन्ने समेत व्यहोराको सन्ध्या रम्तेलले गरेको घटना बिवरण कागज ।

१७. <u>परिवर्तित नाम "बीरेन्द्रनगर ५३D" ले गरेको घटना बिवरण कागजः-</u>

म र मृतक बहिनी ७ कक्षामा उषा-बालबाटिका स्कुलमा भर्ना भई पढ्दै आईरहेको अवस्थामा कक्षा १० मा पढ्ने क्रममा मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" ले मलाई कानूनको

विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" ले मलाई मन पराउछ भनेकीमा मैले उमेर पुगेको छैन कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" हाम्रो थरको होईन कुरा नगर्न भनी सम्झाई बुझाई गरेकी थिए। सो पश्चात म र मृतक बहिनी काठमाण्डौं गएको अवस्थामा मृतकले कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" च्याटमा कुरा गरिरहेको अवस्थामा मेरो दिदीले फेला पारी निज मृतकलाई कुरा नगर्न भनी सम्झाई बुझाई मृतकको घर परिवारलाई समेत जानकारी गराई दिदी तथा निज मृतकको घर परिवारले कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" सँग कुरा नगर्न भनी सम्झाई बुझाई गरेकोमा निज मृतकले हुन्छ गर्दिन भनेकी थिईन। मिति २०८२।११।१५ गतेदेखि स्कुलमा प्रतिनिधि सभाको निर्वाचनको लागि ऐ. २५ गतेदेखी स्कुल लाग्ने भनी विदा भएकोले म घर गएको थिए। स्कुल विदा भईसके पश्चात निज मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" सँग मेरो कुनै कुरा भएको थिएन। मिति २०८२।११।२३ गते दिनको अं. १२:३० बजेको समयमा उषा-बालबाटिका स्कुलको उप-प्रधानाध्यापक सुदिप भुसालले मलाई फोन गरी घटना भएको सुन्छु के भएको होर भनेकोमा मैले मलाई केही थाहा छैन भनेकी थिए । सो पश्चात लगतै मलाई प्रहरीले फोन गरी परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" दिदी हुनुहुन्छ भनेकोमा मैले हो भनेपछि प्रहरीले मलाई परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" सुर्खेत सहिद पार्कको जनजागरण सामुदायिक वनमा बेहोस अवस्थामा छन निजसँग आएका कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" लाई नियन्त्रणमा लिएका छौ । परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को आमालाई जानकारी गराई दिन र नम्बर दिन भनेकोले मैले मृतकको आमाको नम्बर दिएकी थिए । सो पश्चात प्रहरीले परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को लाश प्रदेश अस्पताल सुर्खेतमा ल्याएको भनेपछि म लगाएतका मानिसहरु प्रदेश अस्पताल कर्णाली प्रदेश सुर्खेतको शव गृहमा गई मृतक बहिनी परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को लाश हेर्दा आँखा र ओठ कालो भएको, योनीबाट रगत बगिरहेको, ढाडमा कोतारिएको घिसारिएको जस्तो चोट लागेको मैले देखी के कसरी भएको भनी अन्य मानिसहरु तथा मृतकको नजिकैको आफन्त समेतका मानिसहरुसँग बुझ्दा कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" ले मृतक बहिनीलाई मिति २०८२।११।२३ गते विहान जनजागरण सामुदायिक बनको एकान्त जंगलमा ललाई फकाई प्रलोभमा पारी लिई गई कानूनको बिवादमा परेका बालक "वीरेन्द्रनगर प" ले अन्य कानूनको बिवादमा परेका बालकहरु "वीरेन्द्रनगर फ", "बिरेन्द्रनगर न" र "बिरेन्द्रनगर ध" लाई समेत जंगलमा बोलाई निज मृतक बहिनीलाई सामूहिक जबर्जस्ती करणी गरी हत्या गरेको भनी मैले सुनी थाहा पाएकी हुँ । निज मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" र "वीरेन्द्रनगर प" तथा निजहरुको आफन्त अन्य कोही मानिसहरुको कुनै जाति वर्गको विषयमा वादविवाद भएको मलाई थाहा छैन । मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" र "वीरेन्द्रनगर प" प्रेम सम्बन्धमा भएको विषयमा स्कुलको शिक्षकहरुले थाहा पाई "वीरेन्द्रनगर प" को अभिभावकलाई स्कुलमा बोलाई छलफल गराएको विषयमा पनि मलाई थाहा जानकारी छैन । निज कानूनको बिवादमा परेका बालकहरु "वीरेन्द्रनगर प", "बिरेन्द्रनगर फ," "बिरेन्द्रनगर न", र "बिरेन्द्रनगर ध" ले मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई ललाई फकाई जंगलमा लिई सामूहिक जबर्जस्ती करणी गर्ने योजना बनाई योजनाबद्ध रुपमा "वीरेन्द्रनगर प" ले मृतक बहिनीलाई ललाई फकाई वारदातको दिन विहानै सुर्खेत सहिदपार्क स्थित रहेको जनजागरण सामुदायिक वनमा लिई अन्य निजको साथीहरु "वीरेन्द्रनगर फ"

"बिरेन्द्रनगर न" र "बिरेन्द्रनगर ध" लाई फोन गरी बोलाई निजहरु चारै जनाले मृतकलाई सामूहिक जबर्जस्ती करणी गरी उक्त सामूहिक जबर्जस्ती करणी गरेको कुरा मृतकले घर परिवारलाई भन्छिन भन्ने ठानी आफूहरुले गरेको कसूरबाट बच्नको लागी चारै जना मिली मृतकलाई कर्तब्य गरी मारेको हुँदा निज कानूनको विवादमा परेका बालकहरु चारै जनालाई कानून बमोजिम कारबाही गरी मृतकका हकदारलाई क्षतिपूर्ती समेत दिलाई भराई दिन हुन भन्ने समेत व्यहोराको "बीरेन्द्रनगर ५३D" ले गरेको घटना बिवरण कागज ।

१८. परिवर्तित नाम "बीरेन्द्रनगर फD" ले गरेको घटना बिवरण कागजः-

मिति २०८२।११।२३ गते विहान अं.९:०० बजेको समयमा म, मेरो भाइ "वीरेन्द्रनगर फ" र "बिरेन्द्रनगर न" मेरो घर कोठामा बसिरहेको अवस्थामा भाइ "वीरेन्द्रनगर न" को साथी हाल नामथर थाहा भएका कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" ले फोन गरी केही नबुझिएकोले पुनः फोन गरी मेरो साथीलाई हटट्याग भई बेहोस अवस्थामा छन भनेकोले भाइले मलाई उक्त कुरा जानकारी गराई हामीहरु उद्धारको लागी जान्छौ भनी भाइहरु हतार हतार दौडिदै गएका थिए । सो पश्चात मैले उक्त कुरा आमालाई जानकारी गराई आमा र म भाइहरु गएको करिब २० मिनेट पछि घरबाट भाइ "वीरेन्द्रनगर न" लाई फोन गरी बाटो सोध्दै घटनास्थलमा जाँदा परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को लाश उत्तानो कालो ज्याकेट लगाएको अवस्थामा थियो। कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" लाई प्रहरीले सोधपुछ गरिरहेको मैले देखेकी थिए। सो पश्चात कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" लाई प्रहरीले नियन्त्रणमा लिईसके पश्चात मैले भाइहरु कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर फ" र "बरेन्द्रनगर न" लाई साथमा ल्याई आमा र म घर आएका थियौ। उक्त घटना के कसरी घट्न गएको हो मलाई थाहा भएन। मिति २०८२।११।२१ गते प्रतिनिधी सभा चुनावको भोट हाल्न मेरो पुरानो घर जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. १३ नलखोला जाने भनी म मिति २०८२।११।२० गते आफ्नो घरदेखी जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं.८ काकीको घरमा गई काकी म समेतका मानिसहरु गाडीमा चढी नलखोला गाउँमा गई चिनजानको मानिसको घरमा बसी ऐ.२१ गते नेपाल राष्ट्रिय माध्यामिक विद्यालयमा गई मसँग मेरो भोटर कार्ड नभएकोले नागरिकता देखाई भोट हाली सोही दिन पैदल हिन्दै काकी र म समेतका मानिसहरु वीरेन्द्रनगर आई काकीको घरमा बसी मिति २०८२।११।२२ गते साझ अं. ६:०० बजेको समयमा काकीको घरबाट म आफ्नो घर जान लाग्दा काकीको छोरा मेरो भाइ "वीरेन्द्रनगर न" ले मेरो सहोदर भाइ "वीरेन्द्रनगर फ" सँग भेटघाट गर्ने भनी मसँगै मेरो घर गएका थिए भन्ने समेत व्यहोराको परिवर्तित नाम "बीरेन्द्रनगर फD" ले गरेको घटना बिवरण कागज ।

१९. परिवर्तित नाम "बीरेन्द्रनगर पD" ले गरेको घटना बिवरण कागजः-

मिति २०८२।११।२३ गते विहान अं. ९:५४ बजेको समयमा मलाई कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" को दिदीले फोन गरी कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" र हाल मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" घुम्न भनी सुर्खेतको सहिदपार्क स्थित जनजागरण सामुदायिक वनमा गएको अवस्थामा परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" बेहोस भई बोल्न छोडेको भनी जानकारी गराएपछि म र कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" को दिदी सँगै घटनास्थल भएको गाउँमा जाँदा कानूनको



जिल्ला न्यायाधिवक्ता

विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" को मलाई नामथर थाहा नभएका साथी आई हामीलाई घटनास्थलमा लिई गएका थिए। म समेत घटनास्थलमा गएको अवस्थामा परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को लाश उत्तानो कालो रंगको ज्याकेट लगाएको अवस्थामा थियो। कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" अचेत अवस्थाम रहेकोमा प्रहरी र मैले निजलाई प्रदेश अस्पताल कालागाउँ सुर्खेतमा लिई प्रारम्भिक उपचार पश्चात प्रहरीले यस कार्यालयमा लिई आएका हुन । उक्त घटना के कसरी घट्न गएको हो मलाई थाहा भएन। मिति २०८२।११।२२ गते सबै भाइ बहिनी सँगै मेरो घरमा बस्ने मेरै घरमा खाना खाने सल्लाह गरी म कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" र निजको दिदीलाई ल्याउन भनी निजको घर जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं.९ लाटिकोईली गई कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" र निजको दिदीलाई मैले साथमा ल्याई मेरो घरमा आएको हुँ। मैले निजहरुलाई घरमा ल्याईसके पश्चात सो दिन राती खाना खाई म र कानूनको विवादमा परेका बालक परिवर्तित नाम वीरेन्द्रनगर प" सँगै एउटै कोठामा सुतेका थियौ। राती म सुतेको कोठामा सुतिरहेका कानूनको विवादमा परेका बालक कोही कसैसँग फोनमा कुरा गरेको मैले थाहा पाईन। भोलिपल्ट मिति २०८२।११।२३ गते विहान अं.५:३० बजेको समयमा कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" उठी म Morning वाक जान्छु भनी मेरो घरबाट निस्की गएका थिए भन्ने समेत व्यहोराको परिवर्तित नाम "बीरेन्द्रनगर $प_D$" ले गरेको घटना बिवरण कागज ।

२०. <u>जाहेरवाली परिवर्तित नाम "बीरेन्द्रनगर ५३B" ले गरेको घटना बिवरण कागजः-</u>

मैले मिति २०८२।११।२४ गतेको जाहेरी दरखास्तमा घटना सम्बन्धी तत्काल थाहा पाएका कुराहरु खुलाई लेखाई दिई सकेकी छु । मैले मिति २०८२।११।२४ गते दिएको जाहेरी दरखास्तमा कानूनको विवादमा परेका बालकहरु मेरो घरमा कहिले काँही आउने जाने गर्थे भनी जाहेरी दरखास्तमा खुलेतापनि निजहरु हालसम्म मेरो घरमा आउने जाने नगरेको र वारदातको दिन विहान निजहरु मेरो घरमा आई मेरो नाबालक छोरीलाई बोलाई लिएका होईनन् । छोरी आफै स्कुल जान्छु भनी गएकी हुन । जाहेरी दरखास्तमा उक्त कुरा उल्लेख भई फरक पर्न गएको हो । मैले यस कार्यालयमा जाहेरी दरखास्त दिईसके पश्चात हाल उक्त घटनाको सम्बन्धमा बुझ्दै जाँदा वारदात पुर्व नै कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" सँग मेरो नाबालक छोरी मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को प्रेम सम्बन्ध रहेको र निजहरुको प्रेम सम्बन्ध रहेको विषयमा उषा-बालबाटिका माध्यामिक विद्यालय सुर्खेतका प्रधानाध्यापक शुसिल भुषाल समेतका शिक्षकहरुले थाहा पाई कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" को अभिभावकलाई बोलाई स्कुलमा छलफल गरेको तर दलित भएकै कारणले उक्त कुरा म जाहेरवाला लगायत मेरो घर परिवार कोही कसैलाई नबोलाएको र जानकारी समेत नगराएकोले जातिको विषयलाई लिई कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" समेतका कानूनको विवादमा परेका बालकहरुले योजना बनाई योजनाबद्ध रुपमा मिति २०८२।११।२३ गते विहान अं. ०६:०० बजेको समयमा म जाहेरवालाको नाबालक छोरीलाई घरबाट कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" ले ललाई फकाई प्रलोभनमा पारी झुक्याई जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. ४ सहिदपार्क स्थित रहेको एकान्त जनजागरण सामुदायिक वन जंगलमा लिई आफ्नो अन्य साथीहरु कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर फ", "बिरेन्द्रनगर न" र "बिरेन्द्रनगर ध" लाई बोलाई मेरो



जिल्ला न्यायाधिवक्ता

नाबालक छोरीलाई सामूहिक जबर्जस्ती करणी गरी छोरीलाई दलित भएकै कारण कर्तव्य गरी हत्या गरी मारी फालेको बुझिन आएको हुँदा निज कानूनको विवादमा परेका बालकहरु समेतले दलित भएकै कारण सामूहिक करणी गरी मारेका हुन होईनन्, आवश्यक अनुसन्धान गरी कानून बमोजिम दोषीलाई हदै सम्मको कारबाही गरिपाउँ भन्ने समेत व्यहोराको जाहेरवाली परिवर्तित नाम "बीरेन्द्रनगर ५३B" ले गरेको घटना बिवरण कागज ।

२१. <u>परिवर्तित नाम "बीरेन्द्रनगर ५३F" ले गरेको घटना बिवरण कागजः-</u>

मिति २०८२।११।२३ गते दिउसो अं. १:०० बजेको समयमा मलाई मेरो राईली बहिनीको छोरी "वीरेन्द्रनगर ५३D" ले आफ्नो आमालाई फोन गरी निजको आमा मेरो बहिनीले मलाई फोन गरी जाहेरवालाको नाबालक छोरी मेरो भान्जी मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" बेहोस अवस्थामा जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं.४ सहिदपार्क स्थित रहेको जनजागरण सामुदायिक वनमा फेला परेको भनी जानकारी गराएकोमा म तत्काल घरबाट प्रदेश अस्पताल कर्णाली प्रदेश सुर्खेतको शव गृहमा जाँदा भान्जीको मृत लाश देखेको हुँ । सो पश्चात के कसरी भान्जीको मृत्यू भएको भनी जाहेरवाला लगायतका मानिसहरुसँग हालसम्म बुझ्दा जाहेरवालाको नाबालक छोरी मेरो भान्जी उषा-बालबाटिका स्कुलमा कक्षा ११ मा अध्ययन गरीरहेको अवस्थामा कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" ले ललाई फकाई प्रेमजालमा पारी फोन तथा सामाजिक सञ्जाल लगायतमा कुरा गरिरहेको अवस्थामा सो विषयमा मृतक पढ्ने स्कुलको शिक्षकहरुले थाहा पाई कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" को घर परिवारलाई खबर गरी स्कुलमा बोलाई छलफल गरेको र मृतक दलित भएकै कारण मृतकको घर परिवार लगायतलाई कुनै किसिमको जानकारी नगराई घटना गुपचुप राखेकोले कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प", "बिरेन्द्रनगर न", "बिरेन्द्रनगर ध" र "बिरेन्द्रनगर फ" ले योजना बनाई योजनाबद्ध रुपमा मृतक नाबालक भान्जीलाई सामूहिक जबर्जस्ती करणी गर्ने भनी जनजागरण सामुदायिक वनमा लिई सामूहिक जबर्जस्ती करणी गरी करणी गरिसके पश्चात मेरो नाबालक भान्जीलाई हत्या गरी मारी फालेको भन्ने कुरा मैले जाहेरवाला लगायतका मानिसहरुबाट घटना सम्बन्धमा सुनी थाहा पाएको हुँ । निज कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" ले मेरो नाबालक भान्जी मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई प्रेम जालमा पारी उक्त कुरा निज कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" को अभिभावकलाई मृतक पढ्ने स्कुलका शिक्षकहरुले थाहा जानकारी गराई छलफल गराएको र मृतक दलित भएकोले मृतकको घर परिवार कोही कसैलाई कुनै पनि जानकारी नगराएकोले निज कानूनको विवादमा परेका बालकहरुले मृतकलाई सामूहिक जबर्जस्ती करणी गरी हत्या गर्ने योजना बनाई योजनबद्ध रुपमा मेरो नाबालक भान्जी परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई वारदात मिति र समयमा एकान्त जनजागरण सामुदायिक वन जंगलमा लिई सामूहिक जबर्जस्ती करणी गरी हत्या गरेको हुँदा निज कानूनको विवादमा परेका बालकहरु चारै जनालाई कानून बमोजिम कारबाही गरी मृतकका हकदारलाई क्षतिपूर्ती समेत दिलाई भराई दिन हुन भन्ने समेत व्यहोराको परिवर्तित नाम "बीरेन्द्रनगर ५३F" ले गरेको घटना बिवरण कागज ।

२२. <u>टिकाराम कामीले गरेको घटना बिवरण कागजः-</u>

मिति २०८२।११।२३ गते विहान अं. ९:३० बजेको समयमा गाउँमा मानिस बेहोस भएको छन भन्ने हल्ला सुनेपछि म समेतका गाउँका स्थानीय मानिसहरु सामुदायिक वनमा जाँदा प्रहरीहरु आई

घटनास्थलको सुरक्षा गरिरहेका थिए । मैले घटना स्थलमा हाल नामथर खुल्न आएकी मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को लाश हेर्दा उत्तानो, मृतकको खुट्टाका नशाहरु निलो भएका, कपालले मुख छोपिएको, सुरुवालको एउटा बाउला घुँडासम्म एउटा बाउला तिघ्रासम्म, घटनास्थलमा रहेको सालका पातहरुमा रगत लागेको, जमिनमा समेत रगत लागेको, प्रयोग गरी रगत लागेको अस्थायी साधन कण्डम थान-१ र ३ वटा प्रयोग नगरिएको कण्डम मैले देखेको थिए । सो पश्चात घटना सम्बन्धमा बुझ्दै जाँदा कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प", "बिरेन्द्रनगर फ", "बिरेन्द्रनगर न" र "बिरेन्द्रनगर ध" ले मृतक दलित भएकै कारण परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई ललाई फकाई प्रलोभनमा पारी एकान्त जनजागरण सामुदायिक वन जंगलमा लिई सामूहिक जबर्जस्ती करणी गरी करणी पश्चात निज कानूनको विवादमा परेका बालकहरुले कर्तब्य गरी मारी हत्या गरेको भने कुरा स्थानीय मानिसहरु तथा जाहेरवालाबाट सुनी थाहा पाएको हुँ । निज कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प", "बिररेन्द्रनगर फ", "बिरेन्द्रनगर न" र बिरेन्द्रनगर ध" ले दलित परिवारको गरिब नाबालिका परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई ललाई फकाई गरी प्रलोभनमा पारी योजना बनाई योजनाबद्ध रुपमा जनजागरण सामुदायिक वनमा लिई सामूहिक जबर्जस्ती करणी गरी दलित भएकै कारणले कर्तब्य गरी हत्या गरेको हुँदा निज कानूनको विवादमा परेका बालकहरुलाई कानून बमोजिम कारबाही गरी मृतकको हकदारलाई क्षतिपूर्ती समेत दिलाई भराई दिन हुन भन्ने समेत व्यहोराको टिकाराम कामीले गरेको घटना बिवरण कागज ।

२३. <u>भुवन सिंह बि.क.ले गरेको घटना बिवरण कागजः-</u>

मिति २०८२।११।२३ गते दिउसो अं. ३:३० बजेको समयमा म आफ्नो घरमा बसिरहेको अवस्थामा जनजागरण सामुदायिक वनमा कानूनको विवादमा परेका बालकहरु परिवर्तित नाम "वीरेन्द्रनगर प", "बिरेन्द्रनगर न", "बिरेन्द्रनगर ध" र बिरेन्द्रनगर फ" ले जाहेरवालाको नाबालिका छोरी मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई सामूहिक जबर्जस्ती करणी गरी हत्या गरेको भनी गाउँमा हल्ला चलेकोले मैले वास्तविक के कसो भएको रहेछ भनी कर्णाली प्रदेश अस्पताल सुर्खेतमा गई जाहेरवाला लगायत स्थानीय मानिसहरुसँग बुझ्दा जाहेरवाला तथा स्थानीय मानिसहरुले मलाई जाहेरवालाको नाबालक छोरी मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई कानूनको विवादमा परेका बालकहरु परिवर्तित नाम "वीरेन्द्रनगर प", "बिरेन्द्रनगर न", "बिरेन्द्रनगर ध" र "बिरेन्द्रनगर फ" ले ललाई फकाई गरी जनजागरण सामुदायिक वनमा लिई सामूहिक जबर्जस्ती करणी गरी मृतकको संवेदनसिल अंग योनिबाट अत्याधिक मात्रामा रक्तश्राप भएकोमा निज कानूनको विवादमा परेका बालकहरुले कर्तव्य गरी हत्या गरेको मैले घटना सम्बन्धमा सुनी थाहा पाएको हुँ। सो पश्चात घटना सम्बन्धमा बुझ्दै जाँदा निज कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" ले जाहेरवालाको नाबालक छोरी मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई प्रेम जालमा पारेको र उक्त कुरा निज कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" को अभिभावकलाई मृतक पढ्ने विद्यालयका शिक्षकहरुले थाहा जानकारी गराई वर्ग छुट्याई "वीरेन्द्रनगर प" को अभिभावकलाई बोलाई छलफल गराएको र मृतक दलित तथा निम्न वर्गको भएकोले मृतकको अभिभावकलाई बेवास्था गरी कोही कसैलाई कुनै जानकारी समेत नगराएकोले निज कानूनको विवादमा परेका बालकहरुले मृतकलाई सामूहिक जबर्जस्ती करणी गरी हत्या गर्ने योजना बनाई योजनाबद्ध रुपमा परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई वारदात मिति र समयमा एकान्त जनजागरण सामुदायिक वन जंगलमा लिई

सामूहिक जबर्जस्ती करणी गरी हत्या गरेको हुँदा निज कानूनको विवादमा परेका बालकहरु चारै जनालाई कानून बमोजिम कारबाही गरी मृतकका नजिकको हकदारलाई क्षेतिपूर्ती समेत दिलाई भराई दिन हुन भन्ने समेत व्यहोराको भुवन सिंह बि.क. ले गरेको घटना बिवरण कागज ।

२४. गौरा देवी सुनारले गरेको घटना बिवरण कागजः-

मिति २०८२।११।२३ गते विहान अं.९:४५ बजेको समयमा म आफ्नो घरमा बसिरहेको अवस्थामा जनजागरण सामुदायिक वनमा महिला मृत अवस्थामा छन भनी गाउँमा हल्ला चलेकोले म समेतका मानिसहरु को रहेछिन भनी जनजागरण सामुदायिक वनमा जाँदा स्थानीय मानिसहरु र प्रहरी आई घटनास्थलको सुरक्षा गरिरहेको अवस्थामा मैले घटनास्थलको वरिपरि हेर्दा परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को मृत लाश देखी जाहेरवालाको छोरी भएको एकिन थाहा पाई मृतकको लाश हेर्दा मृतकको शरीरको विभिन्न भागमा चोटपटक लागि मृतकको संवेदनसिल अंग योनिबाट अत्याधिक मात्रामा रक्तश्राप भई घटनास्थलमा रगतका छिटाहरु र मृतकको कपडाहरु समेतमा रगत लागेको थियो। सो पश्चात मैले उक्त घटना के कसरी घटेको हो भनी उक्त स्थानमा आएका मानिसहरुसँग तथा मृतकको आफन्तसँग बुझ्दा कानूनको विवादमा परेका बालकहरु परिवर्तित नाम "वीरेन्द्रनगर प", "बिरेन्द्रनगर न", "बिरेन्द्रनगर ध" र "बिरेन्द्रनगर फ" ले मृतकलाई ललाई फकाई एकान्त जंगलमा ल्याई सामूहिक जबर्जस्ती करणी गरी हत्या गरेको र मृतकको योनिबाट अत्याधिक रक्तश्राप भएको भनेपछि मैले घटना सम्बन्धमा सुनी थाहा पाएकी हुँ । पछि घटना सम्बन्धमा बुझ्दै जाँदा कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" ले जाहेरवालाको नाबालक छोरी मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई प्रेम जालमा पारी उक्त कुरा निज कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" को अभिभावकलाई मृतक पढ्ने स्कुलका शिक्षकहरुले थाहा जानकारी गराई "वीरेन्द्रनगर प" को अभिभावकलाई बोलाई छलफल गराएको र मृतक दलित भएकोले मृतकको घर परिवार कोही कसैलाई कुनै पनि जानकारी नगराएकोले निज कानूनको विवादमा परेका बालकहरुले मृतकलाई सामूहिक जबर्जस्ती करणी गरी हत्या गर्ने योजना बनाई योजनबद्ध रुपमा परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई वारदात मिति र समयमा एकान्त जनजागरण सामुदायिक वन जंगलमा लिई सामूहिक जबर्जस्ती करणी गरी हत्या गरेको हुँदा निज कानूनको विवादमा परेका बालकहरु चारै जनालाई कानून बमोजिम कारबाही गरी मृतकका नजिकको हकदारलाई क्षतिपूर्ती समेत दिलाई भराई दिन हुन भन्ने समेत व्यहोराको गौरा देवी सुनारले गरेको घटना बिवरण कागज ।

२५. शारदा सुनारले गरेको घटना बिवरण कागजः-

मिति २०८२।११।२३ गते विहान अं. ९:३० बजेको समयमा म आफ्नो घरमा बसिरहेको अवस्थामा जनजागरण सामुदायिक वनका पाले राम बहादुर दमाईले मलाई फोन गरी जनजागरण सामुदायिक वनमा एकजना महिला मृत अवस्थामा छन को हुन एकिन गर्नको लागि तपाई आउनुहोस भनेकोले म समेतका गाउँका स्थानीय मानिसहरु जनजागरण सामुदायिक वनमा जाँदा प्रहरी आई घटनास्थलको सुरक्षा गरिरहेको अवस्थामा मैले घटनास्थलको वरिपरि हेर्दा घटनास्थलमा परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" मृत अवस्थामा थिईन । सो पश्चात मैले उक्त घटना के कसरी घटेको हो भनी उक्त स्थानमा आएका मानिसहरुसँग बुझ्दा कानूनको विवादमा परेका बालकहरु परिवर्तित नाम "वीरेन्द्रनगर प", "बिरेन्द्रनगर न", "बिरेन्द्रनगर ध" र "बिरेन्द्रनगर फ" ले मृतकलाई ललाई फकाई एकान्त जंगलमा ल्याई सामूहिक जबर्जस्ती करणी गरी हत्या गरेको र मृतकको योनिबाट अत्याधिक



जिल्ला न्यायाधिवक्ता

रक्तश्राप भएको भनेपछि मैले घटना सम्बन्धमा सुनी थाहा पाएकी हुँ । सो पश्चात घटना सम्बन्धमा बुझ्दै जाँदा कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" ले जाहेरवालाको नाबालक छोरी मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई प्रेम जालमा पारी उक्त कुरा निज कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" को अभिभावकलाई मृतक पढ्ने स्कुलका शिक्षकहरुले थाहा जानकारी गराई छलफल गराएको र मृतक दलित भएकोले मृतकको घर परिवार कोही कसैलाई जानकारी नगराएकोले निज कानूनको विवादमा परेका बालकहरुले मृतकलाई सामूहिक जबर्जस्ती करणी गरी हत्या गर्ने योजना बनाई योजनाबद्ध रुपमा परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई वारदात मिति र समयमा एकान्त जनजागरण सामुदायिक वन जंगलमा लिई सामूहिक जबर्जस्ती करणी गरी हत्या गरेको हुँदा निज कानूनको विवादमा परेका बालकहरु चारै जनालाई कानून बमोजिम कारबाही गरी मृतकका नजिकको हकदारलाई क्षेतिपूर्ती समेत दिलाई भराई दिन हुन भन्ने समेत व्यहोराको शारदा सुनारले गरेको घटना बिवरण कागज ।

२६. <u>ईन्द्र प्रसाद चापागाईले गरेको घटना बिवरण कागजः-</u>

म करिब ८ बर्षदेखि उषा-वाल बाटिका माध्यामिक विद्यालय सुर्खेतमा नेपाली विषयको शिक्षकको रुपमा पढाउदै आएको छु । मिति २०८२।११।२३ गते विहान अं. ९:३० बजेको समयमा म आफ्नै घरमा थिए । सोहि दिन विहान १०:३० बजेको समयमा जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट प्रहरीले फोन गरी तपाईको उषा-वाल बाटिका विद्यालयको विद्यार्थी परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" जनजागरण सामुदायिक वनमा मृत अवस्थामा फेला परेकी भनेर जानकारी गराएपछि म घटनास्थलमा जाँदा प्रहरीले परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को मृत लाश उठाई सकेका थिए। उक्त घटना के कसरी घटेको हो मलाई थाहा भएन। मृतक र कानूनको विवादमा परेका बालकहरु परिवर्तित नाम "वीरेन्द्रनगर प", "बिरेन्द्रनगर न" र "बिरेन्द्रनगर ध" म काम गर्ने विद्यालयमै ११ कक्षामा पढ्दै आएका छन। अर्को कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर फ" कहाँ के कुन विद्यालयमा पढ्दछन मलाई थाहा भएन। कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" र मृतक "६४ वीरेन्द्रनगर क५३" प्रेम सम्बन्धमा रहे/नरहेको सम्बन्धमा हालसम्म मलाई थाहा छैन। मृतक र कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" को प्रेम सम्बन्धमा रहेको थाहा पाई "वीरेन्द्रनगर प" को अभिभावकलाई बोलाई छलफल गरेको र मृतक दलित भएकोले निजको अभिभावकलाई कुनै किसिमको जानकारी नगराएको विषयमा मलाई केही थाहा जानकारी छैन। छलफल गराउने काम मेरो होईन। विद्यालय प्रशासनले उक्त कार्य गर्ने हुँदा उक्त कार्य गरे नगरेको विषयमा मलाई कुनै खालको जानकारी छैन। अन्य शिक्षकहरुले छलफल गरे/गराएको विषयमा मलाई थाहा भएन। अन्य घटना सम्बन्धमा मलाई केही थाहा जानकारी छैन भन्ने समेत व्यहोराको इन्द्र प्रसाद चापागाईले गरेको घटना बिवरण कागज ।

२७. <u>प्रकाश भुषालले गरेको घटना बिवरण कागजः-</u>

म करिब १९/२० बर्षदेखि उषा बालवाटिका माध्यामिक विद्यालय सुर्खेतमा रही हाल प्रशासकिय विभाग प्रमुख/अध्यक्ष विद्यालय निर्देशकको रुपमा काम गर्दै आएको छु। मिति २०८२।११।२३ गते म काम विशेषले भारत गएको थिए। सोही क्रममा मलाई विद्यालयको शिक्षकहरुले हाम्रो विद्यालयमा अध्ययन गर्ने विद्यार्थी मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. ४ सहिदपार्क स्थित रहेको जनजागरण सामुदायिक वनमा बेहोस अवस्थामा फेला



जिल्ला न्यायाधिवक्ता

परेको भनी जानकारी गराएका थिए। उक्त घटना के कसरी घटेको हो मलाई थाहा छैन। कानूनको विवादमा परेका बालकहरु परिवर्तित नाम "वीरेन्द्रनगर प", "बिरेन्द्रनगर न" र "बिरेन्द्रनगर ध" म काम गर्ने विद्यालयमै ११ कक्षामा पढ्दै आएका छन। अर्को कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर फ" कहाँ के कुन विद्यालयमा पढ्दछन मलाई थाहा भएन। कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" र मृतक "६४ वीरेन्द्रनगर क५३" प्रेम सम्बन्धमा रहे/नरहेको सम्बन्धमा मैले निजहरुसँग हालसम्म कुनै कुरा तथा सम्झाई बुझाई गरेको छैन। निज कानूनको विवादमा परेका बालकहरु र मृतक कक्षा ११ मा पढ्ने र कक्षा ११/१२ को कक्षा संचालन विहान ६ बजेदेखि ११ बजेसम्म लाग्ने भएकोले म धेरै जसो दिनमा मात्र विद्यालयमा जाने भएकोले मृतक र "वीरेन्द्रनगर प" प्रेम सम्बन्धमा रहे/नरहेको विषयमा मलाई थाहा छैन । अन्य शिक्षकहरुले अभिभावकलाई बोलाई छलफल गरे नगरेको विषयमा मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रकाश भुषालले गरेको घटना बिवरण कागज ।

२८. सुदिप भुषालले गरेको घटना बिवरण कागजः-

म करिब ३ बर्षदेखि उषा वालबाटिका माध्यामिक विद्यालय सुर्खेतमा सहायक प्रधानाध्यापकको रुपमा काम गर्दै आएको छु । मिति २०८२।११।२३ गते विहान अं. १०:४५ बजेको समयमा जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट प्रहरीले फोन गरी तपाई उषा-वाल बाटिका विद्यालयको कर्मचारी हो भन्दा मैले हो भनेपछि परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" सहिदपार्क जनजागरण सामुदायिक वनमा बेहोस अवस्थामा छन, निजको अभिभावकको सम्पर्क नं. मागेकोमा मैले निज मृतकको आमाको नम्बर दिएको थिए। सो पश्चात म समेतका शिक्षकहरु जनजागरण सामुदायिक वनमा रहेको घटनास्थलमा जाँदा प्रहरीले परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को मृत लाश भएको स्थानको सुरक्षा दिई प्रहरीले काम गरिरहेका थिए। उक्त घटना के कसरी घटेको हो मलाई थाहा भएन। मृतक र कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प", "बिरेन्द्रनगर न" र "बिरेन्द्रनगर ध" म काम गर्ने विद्यालयमै ११ कक्षामा पढ्दै आएका छन। अर्को कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर फ" कहाँ के कुन विद्यालयमा पढ्दछन मलाई थाहा भएन। कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" र मृतक "६४ वीरेन्द्रनगर क५३" प्रेम सम्बन्धमा रहे/नरहेको सम्बन्धमा हालसम्म मलाई थाहा छैन। मृतक र कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" को प्रेम सम्बन्धमा रहेको थाहा पाई "वीरेन्द्रनगर प" को अभिभावकलाई बोलाई विद्यालयमा छलफल गरेको र मृतक दलित भएकोले निजको अभिभावकलाई कुनै किसिमको जानकारी नगराएको विषयमा मलाई केही थाहा जानकारी छैन। मैले उक्त विषयमा निजहरुलाई बोलाई छलफल गराएको छैन। विद्यालयका अन्य शिक्षकहरुले उक्त कार्य गरे नगरेको विषयमा मलाई कुनै खालको जानकारी छैन। अन्य घटना सम्बन्धमा मलाई केही थाहा जानकारी छैन भन्ने समेत व्यहोराको सुदिप भुषालले गरेको घटना बिवरण ।

२९. परिवर्तित नाम "बीरेन्द्रनगर पE" ले गरेको घटना बिवरण कागजः-

मिति २०८२।११।२३ गते विहान अं. ९:३० बजेको समयमा मैले मेरो भाइ कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" लाई फोन गरी के कहाँ छौ भनेकोमा म घर आउदै छु भनेका थिए । मैले फोन गरेको अं.१० मिनेट पछि भाइ "वीरेन्द्रनगर प" ले फोन गरी म साथीसँग आएको थिए साथी एक्कासी बेहोस भएकी छन मुटुको धडकन चल्न छोडिसक्यो भनेपछि मैले

तत्कालै दाइ "वीरेन्द्रनगर पD" लाई फोन गरी दाइको स्कुटीमा म र दाइ फोन गर्दै बाटो सोधेर घटनास्थल जादै गर्दा भाइ कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" को मलाई नामथर थाहा नभएका साथी आई हामीलाई घटनास्थलमा लिई गएका थिए। म समेत घटनास्थलमा गएको अवस्थामा परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को लाश उत्तानो कालो रंगको ज्याकेट लगाएको अवस्थामा थियो। भाइ कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" अचेत अवस्थामा रहेकोमा प्रहरी, दाइ र मैले निजलाई प्रदेश अस्पताल कर्णाली प्रदेश कालगाउँ सुर्खेतमा लिई प्रारम्भिक उपचार पश्चात प्रहरीले यस कार्यालयमा लिई आएका हुन। उक्त घटना के कसरी घटन गएको हो मलाई थाहा भएन। मिति २०८२।११।२२ गते सबै भाइ बहिनी सँगै दाइ परिवर्तित नाम "वीरेन्द्रनगर पD" को घरमा बस्ने भनी दाइ "वीरेन्द्रनगर पD" हामीलाई लिन मेरो घरमा आई म र भाइ "वीरेन्द्रनगर प" दाइसँग दाइको घरमा आएका थियौं। हामीहरु दाइको घरमा आईसके पश्चात सो दिन राती खाना खाई दाइ र भाइ कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" सँगै एउटै कोठामा सुतेका थिए । भोलिपल्ट मिति २०८२।११।२३ गते विहान अं. ५:३० बजेको समयमा कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" उठी माईली आमासँग म Morning वाक जान्छु भनी दाइको कोठाबाट निस्की गएको भन्ने कुरा मैले दाइबाट सुनी थाहा पाएको हुँ । मेरो भाइ "वीरेन्द्रनगर प" र मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" बिच प्रेम सम्बन्ध रहेको विषयमा मृतक पढ्ने विद्यालयको शिक्षकहरुले थाहा पाई "वीरेन्द्रनगर प" को अभिभावकलाई बोलाई छलफल गराएको विषयमा र मृतकसँग भाइ प्रेम सम्बन्धमा रहेको विषयमा मलाई केही थाहा जानकारी छैन। भाइ "वीरेन्द्रनगर प" ले आज भन्दा करिब ३ महिना अगाडी घरमा कुकुर ल्याएकोमा मैले के कहाँबाट कुकुर ल्याएको भन्दा म पढ्ने विद्यालयको नजिकै घरमा धैरै कुकुर थिए बिरामी भएको जस्तो देखेर उपचार गराउन ल्याएको भनी भनेका थिए । सो पश्चात उक्त कुकुरलाई भेटरिनरीमा लिई औषधी खुवाई सन्चो भएकोमा उक्त कुकुर ४/५ दिन अगाडी मेरो घर नजिकै मामाको घरमा छ भन्ने समेत व्यहोराको परिवर्तित नाम "वीरेन्द्रनगर पE" को घटना बिवरण कागज ।

३०. <u>दिपिका बिष्टले गरेको घटना बिवरण कागजः-</u>

म करिब ८/९ महिना पहिला उषा बालवाटिका माध्यामिक विद्यालयमा कक्षा ११ मा भर्ना भई अध्ययन गर्दै आएकी छु । मिति २०८२।११।२३ गते दिउसोको समयमा म घरमा बसिरहेको अवस्थामा मैले गाउँमा मेरो विद्यालयमा पढ्ने मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को मृत्यू भएको भन्ने हल्ला सुनी मेरो विद्यालयको चिनजानको साथी कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर ध" लाई निजको ९७०३९५५५०३ What,s App नम्बरमा मेरो ९७००९४६३०६ नम्बरको What,s App बाट म्यासेज गरी मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को के कसरी मृत्यू भएको भनी सोधेकोमा निजले मलाई मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" र कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" मिति २०८२।११।२३ गते विहानको समयमा जनजागरण सामुदायिक वनमा Morning वाक गएको बेलामा मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" बेहोस भई ढलेकोले म समेतका कानूनको विवादमा परेका बालकहरुलाई "वीरेन्द्रनगर प" ले रुदै फोन गरी हामीहरुलाई जनजागरण सामुदायिक वनमा बोलाएकोले हामीहरु उक्त स्थानमा जाँदा "६४ वीरेन्द्रनगर क५३" उत्तानो अवस्थामा मुखबाट फिज आएको, योनिबाट रगत बगेर मृत्यू भएकोले हामीहरुले स्थानीय मानिसहरुलाई खबर गरी स्थानीय मानिसहरुले प्रहरीलाई खबर गरी प्रहरी र स्थानीय

मानिसहरु आई मृतकको लाश अस्पतालमा लिएको र "वीरेन्द्रनगर प" लाई प्रहरीले नियन्त्रणमा लिईसकेको छ। उक्त घटनालाई कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" ले घटाएको हुन सक्छन भनी मलाई मेरो What,s App नम्बरको म्यासेजमा भनेका थिए । मलाई नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग डिजिटल फरेन्सी ल्याबको परिक्षण रिपोट देखाउँदा देखी पढी हेरिचिनी सनाखत गरिदिए । म पढ्ने विद्यालयमा मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" सँग प्रेम सम्बन्ध रहेको भन्ने मैले साथीहरुबाट सुनी थाहा पाएकी थिए । अन्य घटना सम्बन्धमा मलाई केही थाहा जानकारी छैन भन्ने समेत व्यहोराको दिपिका बिष्टले गरेको घटना बिवरण कागज ।

३१. <u>परिवर्तित नाम "बीरेन्द्रनगर पB" ले गरेको घटना बिवरण कागजः-</u>

कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" मेरो सहोदर छोरा हुन । मिति २०८२।११।२३ गते विहान म र मेरो दाइ मेरो वुवा आमा विरामी भएकोले चेकअप गराउने भनी निजहरुलाई साथमा लिई नेपालगञ्ज गएका थियौ । मिति २०८२।११।२३ गते विहान अं. १०:३० बजेको समयमा मेरो श्रीमतीले फोन गरी छोरा "वीरेन्द्रनगर प" र मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" घुम्न गएकोमा "६४ वीरेन्द्रनगर क५३" बेहोस भई मृत्यू भएको भनेपछि म र दाइले आमा बुवालाई चेकअप नगराई तत्काल सुर्खेत घर आएका थियौ । उक्त घटना के कसरी घटेको हो मलाई थाहा भएन । मेरो छोरा "वीरेन्द्रनगर प" र मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" बिच प्रेम सम्बन्ध रहेको विषयमा मृतक पढ्ने विद्यालयको शिक्षकहरुले थाहा पाई मलाई बोलाई छलफल गराएका होईनन् । उक्त कुरा जाहेरवालाले कागजमा किन खुलाई लेखाई दिएका हुन मलाई थाहा भएन । मृतकसँग छोरा प्रेम सम्बन्धमा रहेको विषयमा मलाई केही थाहा जानकारी छैन । छोरा "वीरेन्द्रनगर प" ले आज भन्दा करिब ३ महिना अगाडी घरमा कुकुर ल्याएकोमा मैले के कहाँबाट कुकुर ल्याएको भन्दा म पढ्ने विद्यालयको नजिकै घरमा धैरै कुकुर थिए बिरामी भएको जस्तो देखेर उपचार गराउन ल्याएको भनी भनेका थिए । सो पश्चात मैले उक्त कुकुरलाई भेटरिनरीमा लिई औषधी खुवाई सन्चो भएकोमा उक्त कुकुर ४/५ दिन अगाडी मेरो ससुराली घरमा छ । उक्त कुकुर मृतकको घरबाट छोराले ल्याएको विषयमा मलाई थाहा थिएन भन्ने समेत व्यहोराको परिवर्तित नाम "बीरेन्द्रनगर पB" ले गरेको घटना बिवरण कागज ।

३२. <u>परिवर्तित नाम "बीरेन्द्रनगर पF" ले गरेको घटना बिवरण कागजः-</u>

कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" मेरो सहोदर भान्जा हुन । मिति २०८२।११।२३ गते दिउसो स्थानीय मानिसहरुबाट भान्जा "वीरेन्द्रनगर प" र मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" घुम्न गएकोमा "६४ वीरेन्द्रनगर क५३" बेहोस भई मृत्यू भएको भन्ने सुनी थाहा पाएको हुँ । उक्त घटना के कसरी घटेको हो मलाई थाहा भएन । मेरो भान्जा "वीरेन्द्रनगर प" र मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" बिच प्रेम सम्बन्ध रहेको विषयमा मृतक पढ्ने विद्यालयको शिक्षकहरुले थाहा पाई भान्जाको अभिभावकलाई बोलाई छलफल गरेको विषयमा मलाई थाहा भएन । मृतकसँग भान्जा प्रेम सम्बन्धमा रहेको विषयमा मलाई केही थाहा जानकारी छैन । भाजा "वीरेन्द्रनगर प" ले आज भन्दा करिब ३ महिना अगाडी घरमा कुकुर ल्याएकोमा उक्त कुकुर आज भन्दा ४/५ दिन देखि मेरो घरमा मैले पाली राखेको छु । सो कुकुर को

कस्को हो मलाई थाहा भएन भन्ने समेत व्यहोराको परिवर्तित नाम "बीरेन्द्रनगर पF" ले गरेको घटना बिवरण कागज ।

३३. माधव सापकोटाले गरेको घटना बिवरण कागजः-

म करिब १६ महिनादेखी उषा-बाल वाटिका माध्यामिक विद्यालय सुर्खेतमा कम्प्यूटर शिक्षकको रुपमा पढाउँदै आएको छु । मिति २०८२।११।२३ गते विहान ०८:५५ बजेको समयमा जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट प्रहरीले फोन गरी तपाई उषा-बाल वाटिका विद्यालयको शिक्षक हो भनी सोधेकोमा मैले हो सर भनेकोमा निजले फोन काटेका थिए। सो पश्चात म विद्यालयमा केही भयोकी भनी मोटरसाईकल चलाई विद्यालयमा आउँदा सहायक प्रधानाध्यापक सुदिप भुषाललाई केही घटना भएको हो र भनी सोधेकोमा हाम्रो विद्यालयमा विद्यार्थीको घटना घट्यो रे भनेपछि म, सुदिप भुषाल, सुभाष न्यौपाने र ईन्द्र चापागाई घटनास्थलमा जाँदा प्रहरीले घटनास्थलमा घेराबार हाली सुरक्षा गरेका थिए। सो स्थानमा भेला जम्मा भएका स्थानीय मानिसहरुसँग बुझ्दा परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई जबर्जस्ती करणी गरी हत्या गरेको भनेपछि घटना सम्बन्धमा सुनी थाहा पाएको हुँ। को कस्ले जबर्जस्ती करणी गरी हत्या गरेका हुन मलाई थाहा भएन। कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प", "बिरेन्द्रनगर न" र "बिरेन्द्रनगर ध" म काम गर्ने विद्यालयमै ११ कक्षामा पढ्दै आएका छन। अर्का कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर फ" कहाँ के कुन विद्यालयमा पढ्छन मलाई थाहा भएन। कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" र मृतक "६४ विरेन्द्रनगर क५३" प्रेम सम्बन्धमा रहे/नरहेको विषयमा हालसम्म मलाई थाहा छैन। अभिभावक बोलाई छलफल गराउने काम मेरो होईन। को कस्को हो मलाई थाहा भएन। अन्य शिक्षकहरुले छलफल गरे/गराएको विषयमा मलाई थाहा भएन। मैले शनिबारको दिन तथा विदाको दिनमा कुनै पनि प्राक्टिकल क्लाश पढाउँदैन। अन्य शिक्षकहरुको शनिबार तथा विदाको दिन प्राक्टिकल क्लाश गराउने नगराउने विषयमा मलाई थाहा भएन। मैले पढाउने विद्यालयमा मिति २०८२।११।१८ गतेदेखि मिति २०८२।११।२४ गतेसम्म प्रतिनिधिसभा निर्वाचनको लागि विद्यालय पूर्ण रुपमा बन्द थियो भन्ने समेत व्यहोराको माधव सापकोटाले गरेको घटना बिवरण कागज ।

३४. मृतक परिवर्तित नाम "बीरेन्द्रनगर क५३" को शव परिक्षण प्रतिबेदनः-

**Injuries:**

**a.** Brownish red abrasion, measuring 4cm x 2cm, is present over lateral aspect of left side of mid back (Peri-mortem).

**b.** Multiple brownish red abrasions, ranging from 0.5cm x 0.5cm. to 1cm x 1cm, are present over upper back at midline over an area measuring 7cm x 3cm (Peri-mortem).

**c.** Brownish red abrasion, measuring 5cm x 0.3cm, is present over upper back, at midline (Peri-mortem).

**d.** Liner brownish red abrasion, measuring 5cm x 0.1cm, is present over medial aspect of left ankle (Peri-mortem).

**e.** Linear brownish red abrasion, measuring 5cm x 0.1cm, is present over postero-medial aspect of lower 1/3rd of right leg (Peri-mortem).

**Special Examination:** Hymen is lacerated measuring 3cm x 0.5cm (sub-cutaneous tissue deep) from 5 to 7 o'Clock position with tear extending to posterior fourchette and fossa navicularis. Special pelvic dissection was done and the pelvis block was removed. On dissection the posterior vaginal wall is lacerated, muscularis deep (measuring 3cm x 1cm) at the inner 1/3rd of the vaginal canal, 2.5cm below the cervix.

**Conclusion:**

**Opinion on cause of death:**

जिल्ला न्यायाधिवक्ता

- Autopsy examination revealed abrasions over the back and legs externally. Genital examination revealed hyminal laceration from 5 to 7 O' Clock position extending to posterior fourchette and fossa navicularis. On Internal examination of the genital organs by special pelvic dissection revealed a deep laceration over the posterior wall of inner 1/3 segment of vaginal canal. All other internal organs were free from injuries and pale on sectioning.
- Base on autopsy examination the genital injuries are consistent with recent sexual intercourse and the findings are consistent with death due to **Exsanguinations Secondary to Genital Injuries.** भन्ने समेत व्यहोराको पीडित परिवर्तित नाम "बीरेन्द्रनगर क५३" को शव परीक्षण प्रतिवेदन ।

३५. मिसिल संलग्न मृतक परिवर्तित नाम "बीरेन्द्रनगर क५३" को जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिमा निजको जन्म मिति २०६६।०४।०५ उल्लेख भएको हुँदा जवर्जस्ती करणी गरेको वारदात मिति २०८२।११।२३ मा निजको उमेर १६ वर्ष ७ महिना १८ दिन रहेको देखिएको ।

३६. कानुनको विवादमा परेका बालक परिवर्तित नाम "बिरेन्द्रनगर प" को जन्म मिति २०६६।०३।२० रहेको भन्ने निजको जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपिबाट देखिई वारदात मितिमा निजको उमेर १६ बर्ष ८ महिना ३ दिन रहेको, कानुनको विवादमा परेका बालक परिवर्तित नाम "बिरेन्द्रनगर ध" को जन्म मिति २०६६।०६।१८ रहेको भन्ने निजको जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपिबाट देखिई वारदात मितिमा निजको उमेर १६ बर्ष ५ महिना ५ दिन रहेको, कानुनको विवादमा परेका बालक परिवर्तित नाम "बिरेन्द्रनगर न" को जन्म मिति २०६५।०९।२० रहेको भन्ने निजको जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपिबाट देखिई वारदात मितिमा निजको उमेर १७ बर्ष २ महिना ३ दिन रहेको र कानुनको विवादमा परेका बालक परिवर्तित नाम "बिरेन्द्रनगर फ" को जन्म मिति २०६६।०९।०६ रहेको भन्ने निजको जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपिबाट देखिई वारदात मितिमा निजको उमेर १६ वर्ष २ महिना १७ दिन रहेको भन्ने निज कानुनको विवादमा परेका बालकहरुको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपिहरुबाट देखिएको ।

३७. <u>केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिई आएको टोलीले पेश गरेको प्रतिवेदन व्यहोराः-</u>

क) कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" ले मिति २०८२।११।२३ गते ४:३२ मा "६४ वीरेन्द्रनगर क५३" लाई Gud moring meri mayaliu...."भन्ने whatsapp Message पठाएको देखिएको र ऐ. मितिको ५:३७:३० बजे एक्लै झोला बोकी मंगलगढी चोक तर्फ हिंडैदै गरेको कर्णाली प्रदेश ट्राफिक प्रहरी कार्यालयमा रहेको CCTV फुटेजबाट देखिएको।

ख) कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" ले मिति २०८२/११/२३ गते ६:०१ मा मृतक ६४ वीरेन्द्रनगर क५३ लाई "Okii Im waiting" भन्ने whatsapp Message पठाएको देखिएको र ऐ. मितिको ६:१८:४० बजे मृतक "६४ वीरेन्द्रनगर क५३" र "वीरेन्द्रनगर प" प्रदेश स्वास्थ्य आपुर्ती व्यवस्थापन विभागको गेट नजिकबाट हिंड्दै जाँदै गरेको प्रदेश स्वास्थ्य आपुर्ती व्यवस्थापन विभागमा रहेको CCTV फुटेजबाट देखिएको ।

ग) मिति २०८२/११/२३ गते ६:२६ बजे कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" र मृतक "६४ वीरेन्द्रनगर क५३" दुवै जना हिड्दै उत्तर (जिल्ला सुर्खेत वीरेन्द्रनगर न.पा. वडा नं.४ स्थित जनजागरण सामुदायिक वन) तर्फ हिड्दै गरेको कर्णाली प्रदेश आयुर्वेद अस्पतालमा रहेको CCTV फुटेजबाट देखिएको।

घ) मिति २०८२।११।२३ गते ८:२१:४४ बजे "वीरेन्द्रनगर प" ले प्रयोग गर्ने ९८४८०३०२२० नं.को मोवाईलबाट "वीरेन्द्रनगर ध" ले प्रयोग गर्ने ९७०३९५५५०३ नं.को मोवाईल फोनमा ७६ सेकेण्ड

कल गर्दा "वीरेन्द्रनगर प" को मोवाईल फोनको location घटनास्थल एरियामा भएको देखिएको र "वीरेन्द्रनगर ध" को मोवाईल फोनको location निजकै घर नजिक एरियामा रहेको देखिएको र "वीरेन्द्रनगर ध" को घरमा रहेको CCTV Camera 04 को footage मा ८:३४:२६ मा निजले मोवाईल फोनमा कुराकानी गर्दा कहाँ हो गाको तनि अल्टर ठाउँमा किन गाको त नि भन्ने सुनिएको।

ङ) "वीरेन्द्रनगर ध" मिति २०८२।११।२३ गते ९:०३ मा स्कुटर लिएर निस्केको निजको घरमा रहेको CCTV Camera 03 बाट देखिएको। ऐ. मितिको ९:०७ मा कर्णाली प्रदेश आयुर्वेद अस्पतालको गेटबाट घटनास्थलतर्फ एक्लै जाँदै गरेको कर्णाली प्रदेश आयुर्वेद अस्पतालमा रहेको CCTV फुटेजबाट देखिएको।

च) ऐ. मितिको ९:१३ बजेको समयमा "वीरेन्द्रनगर प" र "वीरेन्द्रनगर ध" को फोन सम्पर्क भएको र निजको Location घटनास्थलको एरियामा टिप्ने टावरको लोकेसन देखिएको,

छ) "वीरेन्द्रनगर प" को मोवाईलबाट "वीरेन्द्रनगर न" को प्रयोग गर्ने मोवाईल ९८२३९५४३८० नम्वरमा मिति २०८२।११।२३ गते ९:०२ मा ७९ सेकेण्ड फोनमा कुराकानी भएको र "वीरेन्द्रनगर फ" को घरबाट "वीरेन्द्रनगर फ" र "वीरेन्द्रनगर न" ९:०७:०० बजे सँगै निस्केको "वीरेन्द्रनगर फ" को घरको सिसि टिभी फुटेजबाट देखिएको र ९:०७:४५ बजे "वीरेन्द्रनगर फ" र "वीरेन्द्रनगर न" दौड्दै उत्तरतर्फ गएको प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन विभागमा रहेको CCTV फुटेजबाट देखिएको ।

ज) "वीरेन्द्रनगर न" र "वीरेन्द्रनगर ध" मिति २०८२।११।२३ गते ९:११:०० बजे कर्णाली प्रदेश आयुर्वेद अस्पतालको गेटबाट घटनास्थल तर्फ जादै गरेको कर्णाली प्रदेश आयुर्वेद अस्पतालमा रहेको CCTV फुटेजबाट देखिएको भन्ने समेत व्यहोराको केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिई आएको टोलीले पेश गरेको प्रतिवेदन ।

<u>कानूनको विवादमा परेका बालक उपरको अभियोगः-</u>

जिल्ला प्रहरी कार्यालय, सुर्खेतबाट अनुसन्धान कार्य सम्पन्न भई अनुसन्धान प्रतिवेदन सहित प्राप्त हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल\लासजाँच मुचुल्का, कानूनको विवादमा परेका बालकहरुको सोधपुछ कागज, अनुसन्धानको क्रममा बुझिएका मानिसहरुको घटना विवरण कागज, मृतकको शव परीक्षण प्रतिवेदन, सिसि टिभि फुटेज, केन्द्रिय अनुसन्धान ब्युरोको प्रतिवेदन समेतका आधार प्रमाणहरुबाट कानूनको बिवादमा परेका बालकहरु परिवर्तित नाम "बीरेन्द्रनगर प", "बीरेन्द्रनगर ध", "बीरेन्द्रनगर न" र "बीरेन्द्रनगर फ" ले एक आपसमा मिली योजना बनाई पहिले कानुनको बिबादमा परेका बालक परिवर्तित नाम "बिरेन्द्रनगर प" ले मृतक परिवर्तित नाम "बीरेन्द्रनगर क५३" लाई प्रेम सम्बन्धको बहाना गरी ललाई फकाई मिति २०८२।११।२३ गते विहान जिल्ला सुर्खेत बिरेन्द्रनगर नगरपालिका वडा नं. ४ स्थित जनजागरण सामूदायिक बनको जंगलमा लिई त्यहाँ पुगेपछि आफ्ना साथिहरु परिवर्तित नाम "बिरेन्द्रनगर ध", "बिरेन्द्रनगर न" र "बिरेन्द्रनगर फ" लाई फोन गरी बोलाई निज सबै जना बालकहरु मिलि मृतकलाई सामुहिक रुपमा जवर्जस्ती करणी गरी सो जबरजस्ती करणीका कारण मृतकको योनीबाट अत्याधिक रक्तश्राव भई सोही कारण मृतकको मृत्यु भएको देखिंदा जवर्जस्ती करणी गरी ज्यान मारेको (कर्तव्य ज्यान) मुद्दाको वारदात स्थापित हुन आयो।

अब, यी कानुनको विवादमा परेका बालकहरुले के कस्तो कार्य गरी के कुन कसूर गरेका हुन् र निजहरुलाई के कुन कानून अन्तर्गत के कस्तो सजायको मागदावी लिई अभियोगपत्र दायर गर्ने भन्ने सन्दर्भमा हेर्दा, म जाहेरवालाको छोरी वर्ष १६ की परिवर्तित नाम "वीरेन्द्रनगर क५३" र कानूनको



जिल्ला न्यायाधिवक्ता

विवादमा परेका बालकहरु परिवर्तित नाम "विरेन्द्रनगर प", "बिरेन्द्रनगर न", "बिरेन्द्रनगर ध" र "बिरेन्द्रनगर फ" उषा बालबाटिका विद्यालय सुर्खेतमा कक्षा ११ मा अध्ययन गर्ने गरेकाले निज कानूनको विवादमा परेका बालकहरु मेरो छोरीको साथी भएकाले निज कानूनको विवादमा परेका बालकहरु कहिले काँही मेरो घरमा आउने जाने गरेकोमा मिति २०८२/११/२३ गते विहान अं. ७:०० बजेको समयमा म जाहेरवालाको छोरी घरमा भएको अवस्थामा निज कानूनको विवादमा परेका बालकहरु मेरो घरमा आई मेरो नावालक छोरीलाई आज स्कुलमा प्रयोगात्मक परीक्षा भएकाले हामी तिमीलाई लिन आएका छौ भनी छोरीलाई निज कानूनको विवादमा परेका बालकहरुले साथमा लिई गएकाले छोरी स्कुलमा गएकी होलिन भनी बसेकीमा अं. ९:३० बजेको समयमा जनजागरण सामुदायिक वनका चौकिदारले छोरीको मृत शव देखि सो बारेमा प्रहरीलाई खबर गरेपछि जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट खटि आएका प्रहरी कर्मचारी उक्त स्थानमा पुगेपछि गाउँलेहरु पनि सो स्थानमा गई हेर्दा त्यहाँ रहेको मृत शव म जाहेरवालाको छोरीको भएको थाहा जानकारी पाई सो बारेमा मलाई जानकारी गराएकोमा म समेतका आफन्त उक्त स्थानमा गई हेर्दा छोरीको मृत शवलाई माथिबाट कालो जेन्स जकेटले ढाकिएको, छोरीले लगाएका कपडा जीउबाट खोलिएको, छोरीले लगाएको जुत्ता तथा मोजा छोरीको मृत शव रहेको स्थान नजिक छरिएको, छोरीको छात्ति, ढाड, हात खुट्टा लगायतका शरीरका अंगमा निलडाम रहेको र छोरीको जीउभरी रगत लागेको अवस्थाको छोरीको शव रहेकोले कानूनको विवादमा परेका बालकहरुले नै मेरो नावालक छोरीलाई उक्त स्थानमा लिई जवरजस्ती करणी गरी सो पश्चात छोरीको ज्यान लिएको एकिन भएकाले निज कानूनको विवादमा परेका बालकहरुलाई कारबाही गरीपाउँ भन्ने व्यहोराको जाहेरी पर्न आएकोमा घटनास्थलमा मृतक परिवर्तित नाम "बीरेन्द्रनगर क५३" भिरालो जमिनमा उत्तानो अवस्थामा मृत फेला परेको, मृतक भएको स्थानदेखि केही उत्तरतर्फ करणी गर्न प्रयोग भएको जस्तो देखिने रगत जस्तो रातो पदार्थ लतपतिएको कण्डम थान १ रहेको, सोही स्थानको केही उत्तरतर्फ जमिन मडारिएको करणी सम्बन्धि संघर्ष भएको जस्तो देखिने रगत जस्तो रातो पदार्थ समेत भएको, नखोलेको ISO लेखेको कण्डम थान ३, खोलेको पत्ता थान १, Nike SB लेखेको लेडिज जुत्ता र सेतो मोजा जोडी १ समेत फेला परेको, घटनास्थलको दक्षिण पूर्वतर्फ Vivo कम्पनिको मृतकले चलाउने भनिएको मोवाईल थान १ र पुरुषको (प को) पछाडी बोक्ने झोला भित्र केक, लेडिजको ब्रा थान १, रातो चुरा १ दर्जन, जेन्स टिसर्ट थान १, DRJ लेखेको अगाडी भागमा रगत जस्तो पदार्थ लागेको जेन्स ट्राउजर थान १ फेला परेको, मृतकको सम्पूर्ण कपडा खोलि हेर्दा योनीबाट करणी गरेको जस्तो देखिने (रगत जस्तो रातो पदार्थ निस्केको) पेन्टी समेत रगतले भिजेको भन्ने व्यहोराको घटनास्थल\लासजाँच मुचुल्का रहेको पाईन्छ । मृतकको शव परिक्षण प्रतिवेदनको Injuries: भन्ने महलमा-

a. Brownish red abrasion, measuring 4cm x 2cm, is present over lateral aspect of left side of mid back (Peri-mortem).

b. Multiple brownish red abrasions, ranging from 0.5cm x 0.5cm. to 1cm x 1cm, are present over upper back at midline over an area measuring 7cm x 3cm (Peri-mortem).

c. Brownish red abrasion, measuring 5cm x 0.3cm, is present over upper back, at midline (Peri-mortem).

d. Liner brownish red abrasion, measuring 5cm x 0.1cm, is present over medial aspect of left ankle (Peri-mortem).

e. Linear brownish red abrasion, measuring 5cm x 0.1cm, is present over pastero-medial aspect of lower 1/3 of right leg (Peri-mortem). भन्ने उल्लेख भएको छ भने **Special Examination:** भन्ने महलमा

Hymen is lacerated measuring 3cm x 0.5cm (sub-cutaneous tissue deep) from 5 to 7 o'Clock position with tear extending to posterior fourchette and fossa navicularis. Special pelvic dissection was done and the pelvis block was removed. On dissection the posterior vaginal wall is lacerated, muscularis deep (measuring 3cm x 1cm) at the inner 1/3rd of the vaginal canal. 2.5cm below the cervix. भन्ने र **Conclusion: Opinion on cause of death:** भन्ने महलमा

- Autopsy examination revealed abrasions over the back and legs externally. Genital examination revealed hyminal laceration from 5 to 7 O' Clock position extending to posterior fourchette and fossa navicularis. On Internal examination of the genital organs by special pelvic dissection revealed a deep laceration over the posterior wall of inner 1/3 segment of vaginal canal. All other internal organs were free from injuries and pale on sectioning.
- Base on autopsy examination the genital injuries are consistent with recent sexual intercourse and the findings are consistent with death due to **Exsanguinations Secondary to Genital Injuries.** भन्ने

व्यहोराको मृतक परिवर्तित नाम "बीरेन्द्रनगर क५३" को शव परिक्षण प्रतिबेदन रहेको देखिन्छ ।

कानूनको विवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर प" ले अनुसन्धानको क्रममा सोधपुछ कागज गर्दा आफू र मृतक परिवर्तित नाम "बीरेन्द्रनगर क५३" सँगै एउटै क्लासमा पढ्ने र एक अर्कालाई माया प्रेम गर्ने गथ्यौं । पीडित र मैले भेट्ने शारीरिक सम्बन्ध राख्ने भनी सल्लाह गरी मैले घरमै केक बनाई वीरेन्द्रनगर बजार गई पीडितलाई चुरा र गजरा किनी ल्याएकोमा वारदात मिति २०८२।११।२३ गते विहान ती सामानहरु झोलामा राखी निज मृतक "६४ वीरेन्द्रनगर क५३" को घर नजिकै बाटोमा गई बसेकोमा निज मृतक म भएको स्थानमा आई हामी दुबै जनाले एक अर्काको हात समाती जनजागरण सामुदायिक जंगल भित्र एकान्त जंगलमा गई कुराकानी गरी दुवै जनाको सहमतीमा शारीरिक सम्बन्ध राख्दै गर्दा एक्कासी मृतकको योनीबाट अत्यधिक रगत आई बेहोस भएकीले मैले सहयोगको लागी मेरा साथीहरु परिवर्तित नाम "बीरेन्द्रनगर ध", "बीरेन्द्रनगर न" समेतलाई मृतक बेहोस छिन भनी आफू भएको ठाउँमा बोलाएको हुँ। "बीरेन्द्रनगर ध", "बीरेन्द्रनगर न" र "वीरेन्द्रनगर फ" मलाई सहयोग गर्नको लागी उक्त वारदात स्थलमा आएका थिए। आफूले पीडितलाई करणी गर्दा गर्दै एक्कासी अत्यधिक रगत आई मुत्यु भएको हो । म समेतले मृतकलाई जबरजस्ती करणी गरी मारेको होईन भनी लेखाएका छन भने कानूनको बिवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर ध" ले अनुसन्धानको क्रममा सोधपुछ कागज गर्दा वारदातको दिन कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" ले मलाई फोन गरी "६४ वीरेन्द्रनगर क५३" र म जङ्गलमा घुम्न आएका थियौं, "६४ वीरेन्द्रनगर क५३" लाई चक्कर लागेर बेहोस भई भुईमा ढलेकी छिन आउ अस्पताल लैजाउला भनेकोले मैले हुन्छ भनी मेरो आमाको स्कुटर ठुलो बुवाको छोरा दाइले लिएको रहेछन दाईलाई फोन गरी स्कुटर ल्याईदिन भनी दाईले स्कुटर ल्याएपछि म सो स्कुटरमा "वीरेन्द्रनगर प" भएको ठाउँमा गई त्यहाँ "वीरेन्द्रनगर न" र "बिरेन्द्रनगर फ" पनि आएका रहेछन, हामी चारै जना भई जनजागरण सामुदायिक वनमा गई हेर्दा मृतक परिवर्तित नामथर "६४ वीरेन्द्रनगर क५३" को फेसमा झिंगाहरु लागेको मैले देखेको हुँ। सो पश्चात मैले स्थानीय मानिसहरुलाई बोलाउन भनी गाउँमा गई स्थानीय मानिसहरुलाई जंगलमा केटी मान्छे बेहोस अवस्थामा छन उद्धार गरिदिनु पऱ्यो भनेर आग्रह गर्दा गाउँका स्थानीय मानिसहरुले प्रहरीलाई खबर गरी घटनास्थलमा प्रहरी आएका हुन । मैले मृतकलाई जबर्जस्ती करणी गरी मारेको होईन भनी लेखाएका छन भने सोही व्यहोरा समर्थित हुने गरी आफूहरुले मृतकलाई जवर्जस्ती करणी गरी मारेको होईन "वीरेन्द्रनगर प" ले आफ्नो साथी बेहोस भएकाले उद्धार गर्न आउ

जिल्ला न्यायाधिवक्ता

भनेपछि हामीहरु वारदात स्थलमा गएका हौं भनी कानूनको विवादमा परेका बालकहरु "बीरेन्द्रनगर न" र "बीरेन्द्रनगर फ" ले अनुसन्धानको क्रममा सोधपुछ कागज लेखाएको देखिन्छ ।

अनुसन्धानको क्रममा बुझिएका मानिस राम बहादुर दमाईले कागज गर्दा पुर्ण बहादुर वि.क. र हाल नामथर वतन खुलेका परिवर्तित नाम "वीरेन्द्रनगर ध" ले मलाई एक जना साथी जनजागरण सामुदायिक वनको जंगलमा बेहोस छन जानु पर्यो भनेकोले म, पुर्ण बहादुर वि.क. संगिता वि.क., भद्रकला वि.क. र हाल नामथर थाहा भएका परिवर्तित नाम "वीरेन्द्रनगर ध" घटनास्थलतर्फ जादै गर्दा मैले अस्थायी प्रहरी पोष्ट सहिदपार्कको प्रहरी कर्मचारीलाई फोन गरी जनजागरण सामुदायीक वनमा एक जना बेहोस अवस्थामा छन आईदिनुहोस भनी जानकारी गराई घटनास्थलमा जाँदा हाल नामथर वतन खुलेकी परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" हल्का भिरालो जमिनमा उत्तानो अवस्थामा मुखमा हरिया झिगाहरु भन्किएका, हात खुट्टामा राता धर्साहरु देखिएको अवस्थामा शव रहेको, उक्त शवको नजिकै परिवर्तित नाम "वीरेन्द्रनग प" उभिई निजको शरीरमा रगत लागि रातो अवस्थामा रहेको, निज के कहाँ फोन गरिरहेका थिए भने अन्य हाल नामथर वतन खुलेका परिवर्तित नाम "वीरेन्द्रनगर न" र "बिरेन्द्रनगर फ" झोला रहेको स्थान नजिकै उभिरहेका थिए । मैले निज परिवर्तित नाम "वीरेन्द्रनगर प" सँग के कसरी घटना घटेको भनी सोधपुछ गर्दा निजले आफु र परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" विहान मनिङ्ग वाकमा आएको बेलामा निज "६४ वीरेन्द्रनगर क५३" बेहोस भएकी हुन भनी बताएका थिए भनी लेखाएका छन भने सोही व्यहोरासँग करिव एकै मिलान हुनेगरी बुझिएका पुर्ण बहादुर वि.क. संगिता वि.क., भद्रकला वि.क. समेतले घटना विवरण कागज गरेको पाईन्छ । ललिता बि.क. ले अनुसन्धानको क्रममा कागज गर्दा वारदात मितिको विहान कानूनको बिवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर प' र परिवर्तित नाम "६४ बीरेन्द्रनगर क५३" बाटोमा हात समाती जनजागरण सामुदायीक वनतर्फ गइरहेको मैले देखेकी थिए । पछि परिवर्तित नाम "६४ बीरेन्द्रनगर क५३" मृत अवस्थामा छन भन्ने सुनी घटनास्थलमा गई हेर्दा मृतक लास देखि घटना सम्बन्धमा बुझ्दा कानूनको बिवादमा परेका बालक परिवर्तित नाम "बीरेन्द्रनगर प" ले मृतकलाई सामुदायिक बनमा ल्याइ जवर्जस्ती करणी गरी कर्तव्य गरी मारेको भन्ने सुनी थाहा पाएको हुँ भनी लेखाएको देखिन्छ। त्यस्तै गरी सुदिप भुसालले मौकामा कागज गर्दा परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" सहिदपार्कको जनजागरण सामुदायीक वनमा बेहोस अवस्थामा छन भन्ने सुनी घटनास्थलमा जाँदा परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को मृत लाश देखेको हुँ। कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" र मृतक "६४ वीरेन्द्रनगर क५३" प्रेम सम्बन्धमा रहे/नरहेको सम्बन्धमा हालसम्म मलाई थाहा छैन। मृतक र कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" प्रेम सम्बन्धमा रहेको थाहा पाई "वीरेन्द्रनगर प" को अभिभावकलाई बोलाई विद्यालयमा छलफल गरेको र मृतक दलित भएकोले निजको अभिभावकलाई कुनै किसिमको जानकारी नगराएको विषयमा मलाई केही थाहा जानकारी छैन। मैले उक्त विषयमा निजहरुलाई बोलाई छलफल गराएको छैन। विद्यालयका अन्य शिक्षकहरुले उक्त कार्य गरे\नगरेको विषयमा मलाई कुनै खालको जानकारी छैन भनी लेखाएका छन भने सोही व्यहोरासँग करिव एकै मिलान हुनेगरी बुझिएका सुभाष न्यौपाने, ईन्द्र प्रसाद चापागाई, प्रकाश भुसाल र माधव सापकोटाले अनुसन्धानको क्रममा कागज गरेको देखिन्छ । शारदा सुनारले मौकामा कागज गर्दा जनजागरण सामुदायीक वनमा एकजना महिला मृत अवस्थामा छन भन्ने सुनी घटनास्थलमा गई हेर्दा परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई मृत अवस्थामा देखेको हुँ । घटना सम्बन्धमा बुझ्दै जाँदा

कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" ले जाहेरवालाको नाबालक छोरी मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई प्रेम जालमा पारी उक्त कुरा निज कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" को अभिभावकलाई मृतक पढ्ने स्कुलका शिक्षकहरुले थाहा जानकारी गराई छलफल गराएको र मृतक दलित भएकोले मृतकको घर परिवार कोही कसैलाई जानकारी नगराएकोले निज कानूनको विवादमा परेका बालकहरुले मृतकलाई सामुहिक जबरजस्ती करणी गरी हत्या गर्ने योजना बनाई परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई वारदात मिति र समयमा जनजागरण सामुदायीक वन जंगलमा लिई सामुहिक जबर्जस्ती करणी गरी हत्या गरेको हुँदा निजहरुलाई कारवाही हुनुपर्छ भनी कागज गरेको तथा सोही व्यहोरासँग करिव एकै मिलान हुनेगरी अनुसन्धानको क्रममा बुझिएका टिकाराम कामी, भुवन सिंह बि.क., गौरा देवी सुनार, परिवर्तित नाम "बीरेन्द्रनगर ५३F" समेतले अनुसन्धधानको क्रममा कागज गरेको देखिन्छ । जाहेरवाली परिवर्तित नाम "बीरेन्द्रनगर ५३B" ले अनुसन्धानको क्रममा कागज गर्दा मेरो नाबालक छोरीलाई घरबाट कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" ले ललाई फकाई प्रलोभनमा पारी झुक्याई जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. ४ सहिदपार्क स्थित रहेको जनजागरण सामुदायीक वन जंगलमा लिई आफ्नो अन्य साथीहरु कानूनको विवादमा परेका बालकहरु परिवर्तित नाम "वीरेन्द्रनगर फ", "बिरेन्द्रनगर न" र "बिरेन्द्रनगर ध" लाई बोलाई मेरो नाबालक छोरीलाई सामुहिक जबरजस्ती करणी गरी छोरीलाई दलित भएकै कारण कर्तव्य गरी हत्या गरी मारी फालेको हुँदा निजहरुलाई कारवाही हुनुपर्छ भनी लेखाएको पाईन्छ भने बुझिएका बिहानी रम्तेलले अनुसन्धानको क्रममा कागज गर्दा मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" र कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" प्रेम सम्बन्धमा थिए । निजहरु प्रेम सम्बन्धमा रहेको अवस्थामा कक्षा कोठामा शिक्षकहरु नभएको बेलामा मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" बस्ने लेडिज बेन्चमा कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" आई एक आपसमा कुरा गर्ने गर्दै आएका थिए । निजहरु स्कुलदेखी आ-आफ्नो घरमा गएको अवस्थामा एक-आपसमा फोन तथा What,s App, ईन्स्टाग्राममा कुरा गर्दै आएको भनी मृतकले मसँग भन्ने गरेकी थिईन । कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" ले मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" ले छोडेमा म मरिदिन्छु, म मेरो घर परिवार छोडिदिन्छु, तिमिलाई छाड्न सक्दिन भन्ने र मृतकले पनि उक्त कुरालाई स्वीकार गर्दै आएकी थिईन । मिति २०८२।११।२३ गते साँझ अं. ६:०० बजेको समयमा मेरो साथी मन्जु वि.क. ले मेरो ईन्स्टाग्राममा फोन गरी प्रदेश अस्पताल कालागाउँ सुर्खेतमा आउनु भनी बोलाएकोले म र मेरो दिदी सन्ध्या रम्तेल प्रदेश अस्पताल कालागाउँ सुर्खेतमा जाँदा मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" ट्यूसन पढ्न भनी मिति २०८२।११।२३ गते विहानको समयमा स्कुल गएकोमा कानूनको विवादमा परेका बालक "वीरेन्द्रनगर प" ले आफ्नो साथमा जंगलमा लिई जबरजस्ती करणी गरी हत्या गरेको र मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" को मृत्यू भईसकेको भनी मलाई मृतकको आफन्तले भनेपछी मैले घटना सम्बन्धमा सुनी थाहा पाएकी हुँ । निज मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" लाई को कस्ले जबरजस्ती करणी गरी हत्या गरेका हुन मलाई थाहा भएन । निज मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" र "वीरेन्द्रनगर प" को तथा निजहरुको आफन्त अन्य कोही मानिसहरुको कुनै जाति वर्गको विषयमा वादविवाद भएको मलाई थाहा छैन । मृतक परिवर्तित नाम "६४ वीरेन्द्रनगर क५३" र "वीरेन्द्रनगर प" प्रेम सम्बन्धमा भएको विषयमा स्कुलको शिक्षकहरुले थाहा पाई "वीरेन्द्रनगर प" को अभिभावकलाई स्कुलमा बोलाई छलफल

गराएको विषयमा पनि मलाई थाहा जानकारी छैन भनी लेखाएको तथा सोही व्यहोरासँग करिव एकै मिलान हुने गरी बुझिएकी सन्ध्या रम्तेलले समेत अनुसन्धानको क्रममा कागज गरेको देखिन्छ । बुझिएका मानिस कल्पना गौतमले मौकामा कागज गर्दा मिति २०८२।११।२३ गते विहान ६;०० बजेको समयमा कानुनको विवादमा परेका बालक "बिरेन्द्रनगर प" र मृतक "बिरेन्द्रनगर क५३" मेरो पसलमा आई १ बोलत पानी खरिद गरी गएकामा सोही विहान अं. १०;०० बजेको समयमा जनजागरण सामुदायीक बनमा घटना भएको सुनेको हुँ । मिति २०८२।११।१६ गते दिउसो समेत निजहरु मेरो घरको बाटो हुँदै जनजागरण सामुदायिक बनतर्फ गएको देखेकी थिए भनी लेखाएको पाईन्छ भने अर्का बुझिएका मानिस आरुष तिवारीले मौकामा कागज गर्दा "बिरेन्द्रनगर प" ले मलाई कन्डोम किनी ल्याईदिन भनेकाले मैले २ पटक निजको लागी कन्डोम किनी ल्याईदिएको हुँ भनी लेखाएको देखिन्छ । अन्य अनुसन्धानको क्रममा बुझिएका मानिसहरु "बिरेन्द्रनगर ५३D", "बिरेन्द्रनगर फD", "बिरेन्द्रनगर पD", "बिरेन्द्रनगर पE", "बिरेन्द्रनगर पB", "बिरेन्द्रनगर पF", दिपिका बिष्ट समेतले घटनाको सम्बन्धमा सुनी थाहा पाएका हौं भनी करिब एकै मिलान व्यहोरा उल्लेख गरी मौकामा कागज लेखाएको पाईन्छ ।

अतः माथि विवेचित आधार प्रमाणहरुबाट माथि बिरुद्ध खण्डमा उल्लेखित कानूनको विवादमा परेका बालकहरुले आपसमा योजना बनाई निजहरु मध्य परिवर्तित नाम "बीरेन्द्रनगर प", ले मृतक परिवर्तित नाम "बिरेन्द्रनगर क५३" लाई प्रेमजालमा पारी ललाई फकाई बिभिन्न प्रलोभनमा पारी मिति २०८२।११।२३ गते विहान जिल्ला सुर्खेत बिरेन्द्रनगर नगरपालिका वडा नं. ४ स्थित जनजागरण सामुदायिक बनको जंगलमा लिई आफ्ना अन्य साथिहरु "बीरेन्द्रनगर ध", "बीरेन्द्रनगर न" र "बीरेन्द्रनगर फ" समेतलाई फोन गरी सो स्थानमा बोलाई सबै जना बालकहरु मिलि मृतक नाबालिका परिवर्तित नाम "बीरेन्द्रनगर क५३" लाई सामूहिक रुपमा जबरजस्ती करणी गरी सो करणीको कारणबाट मृतकको योनीबाट अत्याधिक रक्तश्राव भई सोही कारण निज "बिरेन्द्रनगर क५३" को मृत्यु भएको देखिई यी कानुनको विवादमा परेका बालकहरुले मृतकलाई सामूहिक रुपमा जबरजस्ती करणी गरी कर्तव्य गरी मारेको देखिएको, यी कानुनको विवादमा परेका बालकहरुले आफुहरु मध्य "बिरेन्द्रनगर प" ले मृतकलाई वारदातस्थलमा लिई करणी गरेको र मृतकको योनीबाट रक्तश्राव भई बेहोस भएपछि अन्य कानुनको विवादमा परेका बालकहरु "बिरेन्द्रनगर ध", "बिरेन्द्रनगर न" र "बिरेन्द्रनगर फ" लाई निज "बिरेन्द्रनगर प" ले फोन गरी सहयोगको लागी बोलाएको भनी मौकाको सोधपुछ कागजमा लेखाएतापनि निजहरुको सो भनाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टी नभएको, निज चारै जना बालकहरु वारदात समयमा वारदात स्थलमा उपस्थित रहे भएको देखिएको, Base on autopsy examination the genital injuries are consistent with recent sexual intercourse and the findings are consistent with death due to **Exsanguinations Secondary to Genital Injuries.** भन्ने र मृतकको शरिरको बिभिन्न भागमा घाउचोट तथा निलडामहरु रहेको भन्ने मृतकको शव परिक्षण प्रतिवेदनमा उल्लेख भएको देखिएको, यी चारै जना बालकहरु उपर सामूहिक रुपमा जबरजस्ती करणी गरी ज्यान मारेको भनी किटानी जाहेरी परेको साथै अनुसन्धानको क्रममा बुझिएका मानिसहरु "बिरेन्द्रनगर ५३B, "बिरेन्द्रनगर ५३F, टिकाराम कामी, भूवनसिंह बि.क., गौरादेवी सुनार, शारदा सुनार समेतले जाहेरी व्यहोरा समर्थित हुने गरी मौकामा कागज लेखाएका, वारदात स्थलबाट एक वटा प्रयोग गरिएको र तीन वटा प्रयोग नगरिएका गरी जम्मा चार वटा कण्डोमहरु फेला परेको, बाटोमा रहेका सिसिटिभी क्यामेराको फुटेजबाट मृतक र "बिरेन्द्रनगर प" अलि समय अगाडी र अन्य तीन जना कानुनको विवादमा परेका बालकहरु अलि समय पछाडी वारदातस्थल तर्फ गएको देखिएतापनि मौकामा यी चारै जना बालकहरु वारदातस्थलमा उपस्थित रहेको

देखिएको र निजहरु वारदात स्थलमा रहेको समयमा निजहरुले मृतकलाई आरोपित कसूर बमोजिमको कार्य नगरी अन्य उद्दारको कार्य गरेका भन्ने नदेखिएको समेतका मिसिल संलग्न तथ्य प्रमाणहरुबाट निज कानूनको विवादमा परेका बालकहरु परिवर्तित नाम "बीरेन्द्रनगर प", "बीरेन्द्रनगर ध", "बीरेन्द्रनगर न" र "बीरेन्द्रनगर फ" ले मृतकलाई जबरजस्ती करणी गरी ज्यान मारेको वारदात पुष्टी भएको देखिई निज बालकहरुले सामूहिक जवर्जस्ती करणीतर्फको मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) विपरित उपदफा (२) र उपदफा (७) बमोजिमको कसूर अपराध गरेको तथा कर्तब्य ज्यानतर्फ मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) बमोजिमको कसूर गरेको तथ्य पुष्टी हुन आयो ।

साथै यी कानुनको विवादमा परेका नाबालकहरुले एकै वारदातमा एक भन्दा बढी कसूर गरी मुलुकी अपराध संहिता, २०७४ को दफा ४३(१) बमोजिमको कसूर गरेको देखिएतापनि सोही संहिताको दफा ४३(२) को प्रतिबंधात्मक बाक्यांश बमोजिम एकिकृत कसूरतर्फ थप सजायको दावी लिन पर्ने अबस्था नदेखिएको ।

<u>कानूनको विवादमा परेका बालकहरुलाई हुनुपर्ने सजायः-</u>

अतः निज कानूनको विवादमा परेका बालकहरु परिवर्तित नाम "बीरेन्द्रनगर प", "बीरेन्द्रनगर ध", "बीरेन्द्रनगर न" र "बीरेन्द्रनगर फ" लाई सामूहिक जबर्जस्ती करणीतर्फ मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) विपरित उपदफा (२) र उपदफा (७) बमोजिमको कसूरमा सोही संहिताको दफा २१९(३)(घ) बमोजिम कैद र सोही संहिताको दफा २१९(३क) को खण्ड (ख) बमोजिम जरिवानाको सजाय गरी सोही संहिताको दफा २१९ को उपदफा (७) बमोजिम थप सजाय हुन, निज बालकहरुलाई कर्तव्य ज्यानतर्फ सोही संहिताको दफा १७७(१) बमोजिमको कसूरमा ऐ. संहिताको दफा १७७(२) बमोजिम सजाय हुन तथा निज कानुनको विवादमा परेका बालकहरुले मृतक "बिरेन्द्रनगर क५३" लाई सामुहिक रुपमा जबरजस्ती करणी गरी ज्यान मारेको देखिंदा निज बालकहरुलाई ऐ. संहिताको दफा ४१(च) बमोजिमको कसूरमा सोही संहिताको दफा ४१ बमोजिम आजन्म कैद सजाय हुन साथै निज कानूनको विवादमा परेका बालकहरु परिवर्तित नाम "बीरेन्द्रनगर प", "बीरेन्द्रनगर ध", "बीरेन्द्रनगर न" र "बीरेन्द्रनगर फ" वारदात मितिमा १६ वर्ष भन्दा बढी १८ वर्ष भन्दा कम उमेर समूहका नाबालक भएको देखिंदा निज बालकहरुलाई बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम हुन साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम निज बालकहरुबाट क्षतिपुर्ति शुल्क रकम पीडित राहत कोषमा जम्मा गरी पाउन समेतको मागदावी लिई सक्कल मिसिल सहित कानूनको विवादमा परेका बालकहरु परिवर्तित नाम "बीरेन्द्रनगर प", "बीरेन्द्रनगर ध", "बीरेन्द्रनगर न" र "बीरेन्द्रनगर फ" लाई यसै अभियोग पत्रसाथ पेश गरिएको ब्यहोरा सादर अनुरोध छ ।

<u>क्षतिपूर्तिको मागदावीः-</u>

मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३क) को खण्ड (ख) बमोजिम जरिवानावाट प्राप्त हुने रकम तथा सोही संहिताको दफा २२८ र दफा १८६ बमोजिम कानूनको विवादमा परेका बालकहरु परिवर्तित नाम "बीरेन्द्रनगर प", "बीरेन्द्रनगर ध", "बीरेन्द्रनगर न" र "बीरेन्द्रनगर फ" बाट मृतकका हकवालालाई क्षतिपूर्ति दिलाई भराई पाउन समेत मागदावी लिईएको छ ।

जिल्ला सरकारी वकील कार्यालय
सुर्खेत

**अभियोग दावीसँग सम्बन्धित कानूनी व्यवस्थाः-**

**मुलुकी अपराध संहिता, २०७४ कोः-**

**दफा १७७. ज्यान मार्ने नियतले कुनै काम गर्न नहुनेः-**

(१) कसैले कसैको नियतपूर्वक ज्यान मार्न वा ज्यान मार्ने कुनै काम गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुनेछ।

**दफा २१९ जवर्जस्ती करणी गर्न नहुनेः**

(१) कसैले जवर्जस्ती करणी गर्न हुदैन ।

(२) कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्ष भन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ।

(३) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी देहाय बमोजिम कैद हुनेछः

(घ) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश वर्षदेखि बाह्र वर्षसम्म ।

(३क) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई उपदफा (३) बमोजिमको कैद सजायको अतिरिक्त देहाय बमोजिमको जरिवाना समेत हुनेछ र त्यस्तो जरिवाना वापत प्राप्त रकम पीडितलाई दिनुपर्नेछः-

(ख) उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिम कैद सजाय हुने कसूरदारलाई पाँच लाख रुपैयाँ जरिवाना ।

(७) सामूहिक रुपमा जबरजस्ती करणी गरेमा वा छ महिना भन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जबरजस्ती करणी गरेमा उपदफा (३) मा लेखिएको सजायमा थप पाँच बर्षसम्म कैद सजाय हुनेछ ।

**दफा ४१. जन्म कैद हुनेः** (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै कसूर गर्ने कसूरदारलाई जन्मकैदको सजाय गर्दा त्यस्तो कसूरदार जिवित रहेसम्म कैद गर्नु पर्नेछ ।

(च) जबरजस्ती करणी गरी ज्यान मारेको ।

**बालबालिका सम्बन्धी ऐन, २०७५ मा कानूनी व्यवस्थाः-**

**दफा ३६. सजाय सम्बन्धी व्यवस्थाः-**

(४) सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुनेछ।

**अन्य खुलाउनु पर्ने भए सो कुराहरुः-**

भौतिक सबुदका नमुनाहरु परिक्षणको लागि पठाईएको हुँदा सोको परिक्षण रिपोर्ट र बरामद सामानहरु प्राप्त भए पश्चात पठाईने व्यहोरा अनुरोध छ ।

प्रस्तुत मुद्दामा कानुनको विवादमा परेका बालकहरु परिवर्तित नाम "बीरेन्द्रनगर प", "बीरेन्द्रनगर ध", "बीरेन्द्रनगर न" र "बीरेन्द्रनगर फ" लाई मिति २०८२।१२।१३ गतेसम्म बालनिग्रानी कक्षमा राखी अनुसन्धान गर्न म्याद प्राप्त भई ऐ. १४ गते अभियोगपत्र पेश गर्नु पर्नेमा सो दिन शनिबारको बिदा परी कार्यालय बन्द रहेकाले आज अभियोगपत्र प्रस्तुत गरिएको व्यहोरा अनुरोध छ ।

प्रस्तुत वारदातमा अन्य कोही कसैको संलग्नता खुलि आएमा सो खुलेका बखत कानुन बमोजिम थप अभियोगदावी लिईने व्यहोरा अनुरोध छ ।

जिल्ला न्यायाधिवक्ता

जिल्ला सरकारी वकील कार्यालय सुर्खेत

<u>सबुत प्रमाणः-</u>

<u>दसी प्रमाण तथा कसूरसँग सम्बन्धित चिज वस्तु</u>:- वारदातको समयमा परिवर्तित नाम "बिरेन्द्रनगर ध" ले प्रयोग गरेको बरामद भएको क.प्र.०२००३ प ०९३३ स्कुटर थान-१, सिसि टिभि फुटेज भएको पेनड्राईभ थान-४, <u>मोबाईल परिक्षणबाट प्राप्त भएको रिपोर्ट भएको पेनड्राईभ</u> थान-१, ओल्लाबाट-१, चिर्ईट, कान्छा सहित (घटनास्थल/लाशजाँच मुचुल्कामा उल्लेखित सामानहरु)

<u>गवाहः</u>- जाहेरवाला परिवर्तित नाम "वीरेन्द्रनगर ५३B"।

<u>देखे/सुन्ने</u>:- राम बहादुर दमाई, ललिता वि.क., संगिता वि.क., भद्रकला कामी, पुर्ण बहादुर वि.क., कल्पना गौतम, सुभाष न्यौपाने, आरुष तिवारी, विहानी रम्तेल, सन्ध्या रम्तेल, परिवर्तित नाम "बीरेन्द्रनगर ५३D", परिवर्तित नाम "बीरेन्द्रनगर ५३F", टिकाराम कामी, भुवन सिंह वि.क., गौरा देवी सुनार, सारदा सुनार, ईन्द्र प्रसाद चपागाई, प्रकाश भुसाल, सुदिप भुसाल, माधव सापकोटा, दिपिका विष्ट ।

<u>प्रस्तुत कागजातहरुः</u>

१. मिति २०८२।११।२३ गतेको प्रहरी टिपोट पाना-१, ऐ.ऐ. मितिको घटनास्थलको फोटा पाना-५,ऐ.ऐ. मितिको घटनास्थल लाशजाँच मुचुल्का पाना-४ ,ऐ.ऐ. मितिको पक्राउ पुर्जी पान-१,ऐ.ऐ. मितिको प्रहरी प्रतिवेदन पाना-१,ऐ.ऐ. मितिको स्वास्थ्य परीक्षको लागी लेखेको पत्र पाना-१, ऐ.ऐ. मितिको विस्तृत स्वास्थ्य परीक्षणको लागी लेखेको पत्र पाना-१, ऐ.ऐ. मितिको स्वास्थ्य परीक्षण रिपोट पाना-४, ऐ.ऐ. मितिको थुनुवा पुर्जी पाना-१, ऐ.ऐ. मितिको नाम परिवर्तन गरेको पत्र पाना-३, ऐ. २४ गतेको मृतकको शव परीक्षणको लागी लेखेको पत्र पाना-१, ऐ.ऐ. मितिको राम बहादुर दमाईको कागज सहित पाना-३, ऐ.ऐ. मितिको ललिता वि.क.को कागज सहित पाना-३, ऐ.ऐ. मितिको जाहेरी दरखास्त सहितका कागजात पाना-४, ऐ.ऐ. मितिको पक्राउ पुर्जी पाना-३, ऐ.ऐ. मितिको प्रहरी प्रतिवेदन पाना-१, ऐ.ऐ. मितिको स्वास्थ्य परीक्षण पत्र र रिपोट पाना-४, ऐ.ऐ. मितिको थुनुवा पुर्जी पाना-३, "वीरेन्द्रनगर न" ले आफै लेखेको कागज पाना-१, "वीरेन्द्रनगर फ" ले आफै लेखेको कागज पाना-१, "वीरेद्रनगर ध" ले आफै लेखेको कागज पाना-१, ऐ. २५ गतेको "वीरेन्द्रनगर ५३E" को निवेदन पाना-१, ऐ.ऐ. मितिको प्रदेश अस्पताल सुर्खेतलाई लेखेको पत्र पाना-१, ऐ.ऐ. मितिको CDR अनुमती र विवरण माग गरेको पत्र पाना-३, ऐ.ऐ. मितिको अनुसन्धान अधिकारी तोकिएको पत्र र आचार संहिता पाना-२, ऐ.ऐ. मितिको प्रारम्भिक प्रतिवेदन पाना-१, ऐ.ऐ. मितिको विस्तृत स्वास्थ्य परीक्षणको लागी लेखेको पत्र पाना-१, ऐ.ऐ. मितिको जरुरी पक्राउ पुर्जी स्वीकृतको लागी लेखेको पत्र पाना-१, ऐ.ऐ. मितिको म्याद थप पाना-३, ऐ.ऐ. मितिको जिल्ला प्रशासन कार्यालय सुर्खेतको पत्र सहित पाना-३, "वीरेन्द्रनगर प" को विस्तृत स्वास्थ्य परीक्षण रिपोट पाना-६, मृतकको पोटष्टमाटम रिपोट पाना-५, ऐ. २६ गतेको वयान कार्यको लागी लेखेको पत्र पाना-१, ऐ. २७ गतेको "वीरेन्द्रनगर धB" को निवेदन सहित पाना-५, ऐ.ऐ. मितिको नाम परिवर्तन गरेको पत्र पाना-४, "विरेन्द्रनगर न", "ध", र "फ" को विस्तृत स्वास्थ्य परिक्षण रिपोट पाना-१६, ऐ. २९ गतेको जिल्ला प्रशासन कार्यालय सुर्खेतको पत्र सहित पाना-३, मिति २०८२।१२।०१ गतेको ६ नं. वडा कार्यालय वीरेन्द्रनगर सुर्खेतको पत्र सहित पाना-२, ऐ.ऐ. मितिको ४ नं. वडा कार्यालय वीरेन्द्रनगर सुर्खेतको पत्र सहित पाना-२, कानूनको विवादमा परेका बालकहरु चारै जनाको पोलिग्राफ रिपोट पाना-८, ऐ. ३ गतेको आरुष तिवारीको कागज सहित पाना-७, औंठाछाप पाना-४, ऐ. ४ गतेको CRD शाखालाई लेखेको पत्र र रिपोट पाना-२, मृतक तथा कानूनको विवादमा परेका आफन्तहरुको नागरिकता तथा जन्मदर्ताको प्रतिलिपी पाना-१६, ऐ. ५ गतेको १३ नं. वडा कार्यालय वीरेन्द्रनगर सुर्खेतको पत्र सहित पाना-२, ऐ. ऐ. मितिको विमा प्राधिकरण ललितपुरलाई लेखेको



जिल्ला न्यायाधिवक्ता

पत्र पाना,१, ऐ.ऐ. मितिको कम्पनि रजिष्टार कार्यालय काठमाण्डौलाई लेखेको पत्र पाना-१, ऐ.ऐ. मितिको धितोपत्र बोड ललितपुरलाई लेखेको पत्र पाना-१, ऐ.ऐ. मितिको भुमि सुधार तथा व्यवस्थापन विभागलाई लेखेको पत्र पाना-१, ऐ.ऐ. मितिको नेपाल राष्ट्र बैक सुर्खेतलाई लेखेको पत्र पाना-१, ऐ.ऐ. मितिको SOS स्कुल कालागाउँ सुर्खेतलाई लेखेको पत्र पाना-१, ऐ.ऐ. मितिको मालपोत कार्यालय सुर्खेतलाई लेखेको पत्र पाना-१, ऐ. ६ गतेको SOS स्कुलको पत्र सहित पाना-१, भौतिक सबुत परीक्षणको लागी विभिन्न कार्यालयहरुमा पठाईएको भरपाई कागजहरु पाना-७, DFL बाट प्राप्त रिपोट पाना-१२, ऐ. ९ गतेको SOS स्कुलको पत्र सहित पाना-२, ऐ. ९ गतेको मालपोत कार्यालय सुर्खेतको पत्र सहित पाना-१७ खाम्बन्धी थान-१ ।

२. मिति २०८२।११।२३ गतेको प्रहरी टिपोट पाना-१ ।
३. घटनास्थलको फोटो पाना-५ ।
४. ऐ.ऐ. मितिको घटनास्थल लाशजाँच मुचुल्का पाना-४ ।
५. ऐ.ऐ. मितिको जरुरी पक्राउ पुर्जी पाना-१ ।
६. ऐ.ऐ. मितिको प्रहरी प्रतिवेदन पाना-१ ।
७. ऐ.ऐ. मिरिको स्वास्थ्य परीक्षणको लागी लेखेको पत्र पाना-१ ।
८. ऐ.ऐ. मितिको विस्तृत स्वास्थ्य परिक्षणको लागी लेखेको पत्र पाना-१ ।
९. ऐ.ऐ. मितिको स्वास्थ्य परिक्षण रिपोट पाना-५ ।
१०. ऐ.ऐ. मितिको थुनुवा पुर्जी पाना-१ ।
११. ऐ.ऐ. मृतक तथा मृतकको आफन्तको नाम परिवर्तन गरिएको पत्र पाना-२ ।
१२. ऐ. २४ गतेको शव परिक्षण गर्ने सम्बन्धमा लेखेको पत्र पाना-१ ।
१३. ऐ.ऐ. मितिको राम बहादुर दमाईको कागज सहित पाना-३ ।
१४. ऐ.ऐ. मितिको ललिता बि.क.को कागज सहित पाना-३ ।
१५. ऐ.ऐ. मितिको जाहेरी दरखास्त सहितका कागजात पाना-४ ।
१६. ऐ.ऐ. मितिको पक्राउ पुर्जी पाना-३ ।
१७. ऐ.ऐ. मितिको प्रहरी प्रतिवेदन पाना-१ ।
१८. ऐ.ऐ. मितिको स्वास्थ्य परिक्षणको लागी लेखेको पत्र र रिपोट पाना-७ ।
१९. ऐ.ऐ. मितिको थुनुवा पुर्जी पाना-३ ।
२०. "विरेन्द्रनगर न" ले आफै लेखेको पत्र पाना-२ ।
२१. "विरेन्द्रनगर फ" ले आफै लेखेको पत्र पाना-१ ।
२२. "विरेन्द्रनगर ध" ले आफै लेखेको पत्र पाना-२ ।
२३. ऐ. २५ गतेको मृतकको दाईले दिएको निवेदन पाना-१ ।
२४. ऐ. २५ गतेको प्रदेश अस्पताल सुर्खेतलाई लेखेको पत्र पाना-१ ।
२५. ऐ.ऐ. मितिको CDR अनुमती र विवरण माग गरेको पत्र पाना-३ ।
२६. ऐ.ऐ. मितिको अनुसन्धान अधिकारी तोकिएको पत्र र आचार संहिता पाना-२ ।
२७. ऐ.ऐ. मितिको प्रारम्भिक प्रतिवेदन पाना-१ ।
२८. ऐ.ऐ. मितिको विस्तृत स्वास्थ्य परीक्षणको लागी लेखेको पत्र पाना-१ ।
२९. ऐ.ऐ. मितिको जरुरी पक्राउ पुर्जी स्वीकृतको लागी लेखेको पत्र पाना-१ ।

३०.ऐ.ऐ. मितिको म्याद थप पाना-३ ।
३१.ऐ. २५ गतेको जिल्ला प्रशासन कार्यालय सुर्केतको पत्र सहित पाना-३ ।
३२.ऐ.ऐ. मितिको जाहेरी दरखास्तको भरपाई कागज पान-१ ।
३३.ऐ. २६ गतेको "वीरेन्द्रगर प" को विस्तृत स्वास्थ्य परिक्षण रिपोट पाना-६ ।
३४.ऐ.ऐ. मितिको मृतकको पोष्टमार्टम रिपोर्ट पाना-५ ।
३५.ऐ. २६ गतेको वयान कार्यको लागी लेखेको पत्र पाना-१ ।
३६.ऐ. २७ गतेको "वीरेन्द्रनगर धB" को निबेदन सहित पाना-५ ।
३७.ऐ.ऐ. मितिको नाम परिवर्तन गरी जानकारी गराईएको पत्रहरु पाना-४ ।
३८.ऐ.ऐ. मितिको मोबाईल चेकजाँच गर्न खटाईएको पत्र पाना-१ ।
३९.ऐ.ऐ. मितिको प्रहरी प्रतिवेदन सहितका कागजात पाना-५१ ।
४०.ऐ.ऐ. मितिको मोबाईल पेश गर्ने सम्बन्धमा खटाईएको पत्र पाना-१ ।
४१.ऐ.ऐ. मितिको प्रहरी प्रतिवेदन पाना-१
४२.ऐ.ऐ. मितिको प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान बिभागको पत्र पाना-१ ।
४३.ऐ.ऐ. मितिको कानूनको विवादमा परेका बालकहरु "वीरेन्द्रनगर ध", "न" र "फ" को विस्तृत स्वास्थ्य परिक्षण रिपोर्ट पाना-१६ ।
४४.ऐ.ऐ. मितिको खटाई पठाईएको पत्र पाना-१ ।
४५.ऐ.ऐ. मितिको मोबाईल परिक्षणको लागी पठाईएको पत्र पाना-६ ।
४६.ऐ.ऐ. मितिको केन्द्रिय विधिविज्ञान प्रयोगशाला सामाखुसी काठमाण्डौंलाई लेखेको पत्र पाना-८ ।
४७.सन्ध्या रम्तेलको CDR विवरण पाना-५१ ।
४८.सुदिप भुषालको CDR विवरण पाना-१६ ।
४९."वीरेन्द्रनगर प" को CDR विवरण पाना-६ ।
५०."वीरेन्द्रनगर न" को CDR विवरण पाना-५ ।
५१.उषा वाल वाटिका स्कुलको लेन लाईन नम्बरको CDR विवरण पाना-२८ ।
५२.वीरेन्द्रनगर ध को साथीले प्रयोग गर्ने नम्बरको CDR विवरण पाना-९ ।
५३.प्रकाश भुषालको CDR विवरण पाना ११
५४."वीरेन्द्रनगर प" को आमाको CDR विवरण पाना-११ ।
५५."वीरेन्द्रनगर फ" को CDR विवरण पाना-१२ ।
५६.मृतकको CDR विवरण पाना-३ ।
५७.I२ विवरण पाना-२ ।
५८.ऐ. २८ गतेको पोलिग्राफ विषशेज्ञ खटाई पठाएई दिन लेखेको पत्र पाना-१ ।
५९.ऐ.ऐ. मितिको नेपाल प्रहरी प्रधान कार्यालय महिला तथा बालबालिका शाखालाई लेखेको पत्र पाना-२ ।
६०.ऐ.ऐ. मितिको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतलाई लेखेको पत्र पाना-१ ।
६१.ऐ.ऐ. मितिको नेपाल प्रहरी प्रधान कार्यालय महिला तथा बालबालिका शाखालाई लेखेको पत्र पाना-२ ।
६२.ऐ.ऐ. मितिको अनुसन्धान टोलि गठन गरिएको पत्र पाना-१ ।
६३.ऐ.ऐ. मितिको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतको पत्र पाना-२ ।
६४.ऐ.ऐ. मितिको नेपाल प्रहरी प्रदेश कार्यालय सुर्खेत हाल नेपालगञ्ज बाँकेको पत्र पाना-१ ।


जिल्ला न्यायाधिवक्ता

६५.ऐ.ऐ. मितिको संगिता वि.क.को कागज सहित पाना-३ ।
६६.ऐ.ऐ. मितिको भद्रकला कामीको कागज पाना-२ ।
६७.ऐ.ऐ. मितिको पुर्ण बहादुर वि.क.को कागज सहित पाना-३ ।
६८.ऐ.ऐ. मितिको राम बहादुर दमाईले गरेको कागज पाना-२ ।
६९.ऐ. २७ गतेको जिल्ला प्रशासन कार्यालय सुर्खेतको पत्र सहित पाना-४ ।
७०.ऐ.ऐ. मितिको राष्ट्रिय मानव अधिकार आयोगको पत्र पाना-१ ।
७१.ऐ. २८ गतेको राष्ट्रिय मानव अधिकार आयोगलाई लेखेको पत्र पाना-१ ।
७२.ऐ. २९ गतेको CDR लगायतको विवरण माग गरेको पत्र पाना-२ ।
७३.ऐ.ऐ. मितिको जिल्ला प्रशासन सुर्खेतलाई लेखेको पत्र पाना-१ ।
७४.ऐ.ऐ. मितिको वीरेन्द्रनगर नगरपालिकाको कार्यालय सुर्खेतलाई लेखेको पत्र पाना-१ ।
७५.ऐ.ऐ. मितिको वीरेन्द्रनगर नगरपालिका सुर्खेतको बिभिन्न वडाहरुलाई लेखेको पत्र पाना-१ ।
७६.मिति २०८२।११।२९ गतेको दोस्रो पटक म्याद पाना-३ ।
७७.ऐ. २९ गतेको CCTV फुटेज पेश गर्न खटाईएको पत्र पाना-१ ।
७८.ऐ.ऐ. मितिको BTS विवरण माग गरेको पत्र पाना-२ ।
७९.ऐ.२८ गतेको कर्णाली प्रदेश अस्पताल सुर्खेतलाई लेखेको पत्र पाना-१ ।
८०.ऐ. २९ गतेको जिल्ला प्रशासन कार्यालय सुर्खेतको पत्र पाना-३ । ऐ.ऐ. मितिको कल्पना गौतमको कागज सहित पाना-३ ।
८१.ऐ. ३० गतेको "वीरेन्द्रनगर ५३A" को निवेदन पाना-१ ।
८२.ऐ.ऐ. मितिको DFL शाखालाई लेखेको पत्र पाना १
८३.ऐ.ऐ. मितिको नेपाल प्रहरी केन्द्रिय विधिविज्ञान प्रयोगशाला काठमाण्डौंलाई लेखेको पत्र पाना-१ ।
८४.ऐ.ऐ. मितिको नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान बिभाग DFL लाई लेखेको पत्र पाना-२।
८५.मिति २०८२।१२।०१ गतेको वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ को वडा कार्यालयको पत्र सहित पाना-२ ।
८६.ऐ.ऐ. मितिको वीरेन्द्रनगर नगरपालिका वडा नं. ४ को वडा कार्यालयको पत्र सहित पाना-२ ।
८७.ऐ.ऐ. मितिको आयुर्वेद अस्पताललाई लेखेको पत्र पाना-१ ।
८८.ऐ.ऐ. मितिको प्रदेश स्वास्थ्य आपूर्ति ब्यवस्थापन कार्यालय सुर्खेतलाई लेखेको पत्र पाना-१ ।
८९.ऐ.ऐ. मितिको BTS अनुमती र विवरण माग गरेको पत्र पाना-४ ।
९०.ऐ.२ गतेको प्रदेश स्वास्थ्य आपूर्ति ब्यवस्थापन कार्यालय सुर्खेतको पत्र सहित खामबन्दी पेन्ड्राईभ थान १
९१.प्रदेश आयुर्वेदक अस्पतालको पत्र सहित पेनड्राईभ थान १ ।
९२.ऐ.ऐ. मितिको खानतलासी सुचना पाना-१ ।
९३.ऐ.ऐ. मितिको खानतलासी बरामदी मुचुल्का पाना-२ र खामबन्धी पेन्ड्राईभ थान-१ ।
९४.ऐ.ऐ. मितिको खानतलासी सुचना पाना-१ ।
९५.ऐ.ऐ. मितिको खानतलासी बरामदी मुचुल्का पाना-२ र खामबन्दी पेन्ड्राईभ थान-१ ।
९६.ऐ.ऐ.मितिको SIM CARD HISTORY को लागि अनुमती माग गरेको पत्र र विवरण माग गरेको पत्र पाना-३
९७.ऐ.ऐ. मितिको CDR अनुमती र विवरण माग गरेको पत्र पाना-२ ।

९८.ऐ.ऐ. मितिको SIM CARD HISTORY को लागि अनुमती माग गरेको पत्र र विवरण माग गरेको पत्र पाना-३

९९.ऐ. २ गतेको सुभाष न्यौपानेको कागज सहित पाना-४ ।

१००. ऐ.ऐ.मितिको नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान बिभाग DFL लाई लेखेको पत्र पाना-१

१०१. ऐ.ऐ. मितिको कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर प" को सोधपुछ कागज सहित पाना-१४ ।

१०२.ऐ.ऐ. मितिको कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर ध" को सोधपुछ कागज सहित पाना-११ ।

१०३.ऐ.ऐ. मितिको कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर न" को सोधपुछ कागज सहित पाना-११ ।

१०४.ऐ.ऐ. मितिको कानूनको विवादमा परेका बालक परिवर्तित नाम "वीरेन्द्रनगर फ" को सोधपुछ कागज सहित पाना-११ ।

१०५.ऐ.ऐ. मितिको जिल्ला सरकारी वकिल कार्यालय सुर्खेतको निर्देशन पत्र पाना-१ ।

१०६.ऐ.ऐ. मितिको BTS अनुमती र विवरण माग गरेको पत्र पाना-४ ।

१०७.ऐ.ऐ. मितिको CDR अनुमती र विवरण माग गरेको पत्र पाना-४ ।

१०८.ऐ.ऐ. मितिको कानूनको विवादमा परेका बालकहरुको पोलिग्राफ रिपोट पाना-८ ।

१०९.ऐ. ३ गतेको यातायात व्यवस्था कार्यालय सुर्खेतलाई लेखेको पत्र पाना-१ ।

११०.ऐ.ऐ. मितिको यातायात व्यवस्था कार्यालय सुर्खेतको पत्र सहित पाना-२ ।

१११.ऐ.ऐ. मितिको प्रदेश अस्पताल वीरेन्द्रनगर सुर्खेतलाई लेखेको पत्र पाना-१ ।

११२.ऐ.ऐ. मितिको आरुष तिवारीको कागज सहित पाना-७ ।

११३.मिति २०८२।१२।०४ गतेको तेस्रो पटक म्याद पाना-३ ।

११४.ऐ. ३ गतेको राष्ट्रिय मानव अधिकार आयोग सुर्खेतको पत्र पाना-१ ।

११५.ऐ. ४ गतेको CRS शाखालाई लेखेको पत्र पाना-१ ।

११६.ऐ.ऐ. मितिको CRS प्रतिवेदन पाना-१ ।

११७.ऐ.ऐ. मितिको प्रदेश अस्पताल सुर्खेतको पत्र पाना-१ ।

११८.ऐ.ऐ. मितिको विहानी रम्तेलको कागज सहित पाना-४ ।

११९.ऐ.ऐ. मितिको सन्ध्या रम्तेलको कागज सहित पाना-४ ।

१२०.ऐ.ऐ. मितिको "वीरेन्द्रनगर ५३D" को कागज सहित पाना-३ ।

१२१.ऐ. ५ गतेको "वीरेन्द्रनगर फD" को कागज सहित पाना-३ ।

१२२.ऐ. ५ गतेको "वीरेन्द्रनगर पD" को कागज सहित पाना-३ ।

१२३.ऐ.ऐ. मितिको "वीरेन्द्रनगर ५३B" को कागज पाना-२ ।

१२४.ऐ.ऐ. मितिको "वीरेन्द्रनगर ५३F" को कागज सहित पाना-३ ।

१२५.ऐ.ऐ. मितिको टिकाराम कामीको कागज सहित पाना-३ ।

१२६.ऐ.ऐ. मितिको भुवन सिंह वि.क.को कागज सहित पाना-३ ।

१२७.ऐ.ऐ. मितिको गौरादेवी सुनारको कागज सहित पाना-३ ।

१२८.ऐ.ऐ. मितिको शारदा सुनारको कागज पाना-२ ।

जिल्ला न्यायाधिवक्ता

१२९.ऐ.ऐ. मितिको १३ वडा कार्यालय सुर्खेतको पत्र सहित पाना-२ ।
१३०.ऐ.ऐ. मितिको नेपाल विमा प्राधिकरण ललितपुरलाई लेखेको पत्र पाना-१ ।
१३१.ऐ.ऐ. मितिको कम्पनि रजिष्टार कार्यालय काठमाण्डौंलाई लेखेको पत्र पाना-१ ।
१३२.ऐ.ऐ. मितिको धोतोपत्र बोर्ड ललितपुरलाई लेखेको पत्र पाना-१ ।
१३३.ऐ.ऐ. मितिको भुमिसुधार व्यवस्था विभाग काठमाण्डौंलाई लेखेको पत्र पाना-१ ।
१३४.ऐ.ऐ. मितिको नेपाल राष्ट्र बैंक सुर्खेतलाई लेखेको पत्र पाना-१ ।
१३५.ऐ.ऐ. मितिको SOS स्कुललाई लेखेको पत्र पाना-१ ।
१३६.ऐ.ऐ. मितिको मालपोत कार्यालय सुर्खेतलाई लेखेको पत्र पाना-१ ।
१३७.ऐ. ६ गतेको इन्द्र प्रसाद चापागाईको कागज सहित पाना-३ ।
१३८.ऐ.ऐ. मितिको प्रकाश भुषालको कागज सहित पाना-३ ।
१३९.ऐ.ऐ. मितिको सुदिप भुषालको कागज सहित पाना-३ ।
१४०.केन्द्रिय अनुसन्धान ब्यूरो काठमाण्डौंले खटाई पठाईएको पत्र पाना-१ ।
१४१.औठाछाप पाना-४ ।
१४२.ऐ.ऐ. मितिको SOS स्कुलको पत्र पाना-१ ।
१४३.विभिन्न भौतिक सबुद परिक्षणको लागी बुझाएका भरपाई कागज पाना-७ ।
१४४.नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग DFL शाखाको पत्र सहित परिक्षण प्रतिवेदन पाना-१४ र ६४ GB को पेनड्राईभ थान-१ ।
१४५.ऐ. ७ गतेको "वीरेन्द्रनगर पE" को कागज सहित पाना-३ ।
१४६.ऐ.ऐ. मितिको दिपिका बिष्टको कागज सहित पाना-३ ।
१४७.ऐ.ऐ. मितिको "वीरेन्द्रनगर पB" को कागज पाना-२ ।
१४८.ऐ.ऐ. मितिको "वीरेन्द्रनगर पF" को कागज सहित पाना-३ ।
१४९.ऐ.ऐ. मितिको माधव सापकोटाको कागज सहित पाना-३ ।
१५०.CDR विवरण पाना-९ ।
१५१.ऐ.८ गतेको नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग काठमाण्डौंलाई लेखेको पत्र पाना-२ ।
१५२.ऐ.ऐ. मितिको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतको पत्र पाना-१ ।
१५३.ऐ. ९ गतेको SOS स्कुललाई लेखेको पत्र पाना-१ ।
१५४.ऐ.ऐ. गतेको म्याद थप पत्र पाना ३
१५५.ऐ.ऐ. मितिको SOS स्कुलको पत्र सहित पाना-२ ।
१५६.ऐ.ऐ. मितिको मालपोत कार्यालय सुर्खेतको पत्र सहित पाना-१७ ।
१५७.ऐ. १० गतेको केन्द्रिय विधिविज्ञान प्रयोगशाला काठमाण्डौंलाई लेखेको पत्र पाना-१ ।
१५८.ऐ. १० गतेको केन्द्रिय विधिविज्ञान प्रयोगशाला काठमाण्डौंको पत्र सहित पाना-३ ।
१५९.ऐ.ऐ. मितिको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतको पत्र पाना-१ ।
१६०.ऐ.ऐ. मितिको CIB को पत्र सहित प्रतिवेदन पाना-२९ ।
१६१.ऐ.ऐ. मितिको मानव अधिकार आयोग सुर्खेतलाई लेखेको पत्र पाना-१ ।
१६२.CDR एनलासिस सहितका कागजातहरु पाना १० ।

जिल्ला न्यायाधिवक्ता

१६३.मिति २०८२।१२।१२ गतेको जिल्ला प्रहरी कार्यालय सुर्खेतको पत्र सहित प्रदेश अस्पतालको पत्र पाना-२ ।

यसै अभियोग पत्रबाट प्रस्तुत मुद्दाको बाल ईजलासबाट निरन्तर सुनुवाई गरी कारवाही हुन अनुरोध छ ।

कार्यालयको छापः

सरकारी वकीलकोः-

दस्तखतः-

नामः- कर्ण बहादुर महत

दर्जाः- जिल्ला न्यायाधिवक्ता

कार्यालयः- जिल्ला सरकारी वकील कार्यालय, सुर्खेत।

ईति सम्बत् २०८२ साल चैत्र महिना १५ गते रोज १ शुभम् ..................................................।